जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

बालविवाह सामाजिक र कानूनी अपराध हो ।
- बीस बर्ष नपुगी विवाह नगरौं र नगराऔं,
- उमेर नपुगी गरेको विवाह सामाजिक र कानूनी अपरोध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक १६० • २०७९ साल कार्तिक १९ गते शनिबार (5 November, Saturday, 2022) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मुख्यमन्त्रीका दाबेदारहरु सकसमा



सरोजकुमार यादव शैलेन्द्र साह कृष्णा यादव जितेन्द्र सोनल

**टुडे समाचारदाता**

जनकपुरधाम ।मधेश प्रदेशका मुख्यमन्त्रीका दाबेदार मानिएका नेताहरु सकसमा छन् । जनता समाजवादी पार्टी(जसपा)बाट मुख्यमन्त्रीका दाबेदार सरोज कुमार राय यादवको स्थिति बलियो देखिएको छ।

उनी बारा जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ को ख बाट जसपाका उम्मेदवार छन् ।मधेश प्रदेशका सभामुख रहेका यादवले नै पहिचान सहितको मधेश प्रदेश नामकरण र जनकपुरधामलाई स्थायी राजाधनी बनाउन महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए।

जसपाले औपचारिक घोषणा नगरे पनि प्रदेशमा सरकारको नेतृत्व गर्ने अवसर पाए मुख्यमन्त्री रायलाई नै बनाउने पक्कापक्की रहेको छ।

हुनत मुख्यमन्त्रीको दाबी गर्दै सप्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ को ख बाट जसपाका उम्मेदवार रहेका मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र साहले पनि दाबी गरेका छन् ।तर उनलाई चुनाव जित्न सकस छ।

त्यसैगरी कांग्रेसबाट मुख्यमन्त्रीका दाबेदार मधेश प्रदेशका सभापति कृष्णा यादव पनि सकसमा छन् । उनी रौतहट जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ को ख बाट सत्तारुढ गठबन्धनका उम्मेदवार यादवलाई एमाले जसपा गठबन्धनका उम्मेदवार मधेश प्रदेशका भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र यादवले कडा टक्कर दिइरहेका छन् ।

यादवद्वयबीचको कडा प्रतिस्पर्धामा बाजी कसले मार्ने यकिन गर्न सहज छैन् ।तर सत्तारुढ गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) प्रदेश सभाका उम्मेदवार जितेन्द्र सोनलको स्थिति सुदृढ देखिएको छ।लोसपाबाट उनी पनि मुख्यमन्त्रीका उम्मेदवार रहेको दाबी गरेका छन् ।

हाल सम्म एमाले, माओवादी र नेकपा समाजवादीबाट मुख्यमन्त्रीका लागि दाबी गरिएको छैन् ।सत्तारुढ गठबन्धनले मधेश प्रदेशमा सरकार बनाए कांग्रेसको मुख्यमन्त्री हुने र एमाले जसपा गठबन्धनले सरकार बनाउने अवस्थामा पुगे जसपाका मुख्यमन्त्री हुने संभावना बलियो छ।

# मधेशको उपलब्धि संस्थागत गर्न अझै संघर्ष जरुरी छ :अध्यक्ष यादव

**टुडे समाचारदाता**

राजविराज। जनता समाजवादी पार्टी( जसपा)नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेश विद्रोह लगायत अन्य विभिन्न आन्दोलनहरुले ल्याएको उपलब्धि संस्थागतका लागि संघर्षको आवश्यकता अझैं रहेको बताएका छन् ।

राजविराज नगरपालिका-२ को राजदेवी टोलमा शुक्रवार आयोजित चुनावी भेलामा उनले भने-'मधेश विद्रोह लगायत त्यसका पूरक आन्दोलनले मधेशीलाई अधिकार त दिलायो तर अझैं पनि शासन प्रणालीको सुधार, समान अवसरको प्राप्ति र मधेशमा विकासको लागि संघर्षको आवश्यकता छ।'



अवसरबाट वञ्चित समुदाय अघि बढ्न नसक्ने जिकिरका साथ उनले अहिले पनि आफू मधेशलाई आधारभूमि बनाएर हिमाल, पहाडमा रहेका उपेक्षित उत्पीडित, दलित, अल्पसंख्यकको अधिकारका लागि प्रयत्नशील रहेको बताए।

संघीयता र गणतन्त्र जस्ता उपलब्धि हासिल भए पनि तराई मधेशमा जनसंख्याको आधारमा बजेट नदिइएका कारण यहाँको विकास हुन नसकेको भन्दै नेता यादवले ५३ प्रतिशत जनसंख्या भएको मधेशमा १८ प्रतिशत मात्र लगानी भइरहेको आरोप लगाए।

मुलुकमा सात प्रदेशहरुमध्ये पहिचानका आधारमा एक मात्र मधेश प्रदेश बन्नु आफूहरुको लागि गौरवको विषय रहेको उनको कथन थियो ।

सप्तरीलाई शिक्षा र स्वास्थ्यको हबको रुपमा अघि बढाएको बताउँदै अध्यक्ष यादवले रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान, इन्जिनियरिङ्ग कलेज, कृषि विश्वविद्यालय, नर्सिङ्ग कलेज लगायतको काम पूरा भएपछि जिल्लामा विकासले गति लिने दाबी गरे ।

यादवलाई उनका प्रतिद्वन्दी सत्तारुढ गठबन्धनका उम्मेदवार जयप्रकाश ठाकुरले विकास नगरेको आरोप लगाएका छन् ।यादवले गरेको विकासको फेहरिस्त सुनाउँदै अधिकार रक्षाको विषय उठाए पनि नागरिकता विधेयकको चर्चा भने गरेनन् ।चुनावी गठबन्धन गर्नु अगाडि अध्यक्ष यादवले एमालेलाई संघीयता विरोधी र मधेशको अधिकार हरण गर्ने आरोप लगाउँदै आएका थिए ।

जिल्लामा रहेको औद्योगिक क्षेत्रको पूर्ण क्षमताका साथ सञ्चालन तथा औद्योगिक वातावरणका लागि भारतीय सीमावर्ती क्षेत्र न्यौरदेखि सप्तरीको राजविराज हुँदै गाईघाट सोलु जोड्ने सडक निर्माणको काम अगाडि बढिसकेको अध्यक्ष यादवले बताए ।

कार्यक्रममा पार्टीका नेता एवम् राष्ट्रिय सभा सदस्य मृगेन्द्र कुमार सिंह यादव, जसपाका प्रवक्ता मनिष कुमार सुमन, पूर्व सांसद एवम् प्रदेश सभा सदस्यका समानुपातिक प्रत्याशी रञ्जु ठाकुर, राजविराज नगरपालिकाका मेयर भीमराज यादव लगायतले जसपाले गरेको उदाहरणीय कामहरुबारे चर्चा गरे ।

सप्तरीको निर्वाचन क्षेत्र नम्बर २ मा उपेन्द्र यादव एमाले गठबन्धनबाट प्रतिनिधि सभाका उम्मेदवार हुन् ।उनलाई सत्तारुढ गठबन्धनका ठाकुर र जनमत पार्टीका अध्यक्ष सी के राउतले चुनौती दिएका छन् ।

सत्तारुढ गठबन्धनका दलहरुले स्थानीय तहको चुनावमा प्राप्त गरेको मत अनुसार यादव झण्डै १३ हजारले पछाडि छन् ।तर सो क्षेत्रका बौद्धिक र सचेत मतदाताहरुले यादवको राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा ख्याति रहेकाले हार्न नहुने तर्क गरिरहेका छन् ।अर्को तर्फ राउतले ठाकुरको मतमा प्वाल बनाएका छन् ।राउतले काट्ने मत ठाकुरकै रहेको कारण पनि यादवको जित्ने स्थिति बलियो बन्दै गएको बताइन्छ।

चुनाव प्रचारको दुई हप्ता मात्र बाँकी रहँदा पनि जसपाका राष्ट्रिय अध्यक्ष रहेका यादव अन्य क्षेत्रमा जान सकेका छैनन् ।उनी सकसमा रहेको महसुस गर्दै क्षेत्र छाड्न सक्ने अवस्था छैन् ।

पार्टीको टिकट वितरण र समानुपातिक सूची बनाउने क्रममा जसपाका सक्रिय युवा नेताहरुलाई पूर्ण रुपमा उपेक्षा गरेकाले पनि यादव घातको शिकार हुन सक्ने संभावना रहेको छ ।यादवलाई जिल्लाका बौद्धिक क्षेत्रबाट समर्थन प्राप्त भइरहे पनि आन्तरिक व्यवस्थापन गर्न नसकेकाले चुनावको परिणाममाथि विश्वस्त हुन सक्ने बलियो आधार देखिदैन् ।

प्रमुख रुपमा यादव र ठाकुरबीच प्रतिस्पर्धा हुने अनुमान गरिए पनि निर्णायक डा.राउत रहने अनुमान गरिएको छ । प्रारम्भमै परिवारवादको आरोपमा मुछिए पनि राउतका लागि चुनाव परिणाम अनपेक्षित नहुने जनमत पार्टीका नेताहरुको विश्वास छ ।राजविराज नगरपालिका समेत रहेको सो क्षेत्रमा रहेका तीनै जना उम्मेदवारले जितको दाबी गरेका छन् ।






# जसपाका ३ सय जना कांग्रेसमा



**टुडे समाचारदाता**

वीरगञ्ज । निर्वाचनको मिति नजिकिदै गर्दा पर्सा क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसप्रति जनलहर बढ्दै गएको छ ।

पर्सा क्षेत्र नम्बर २ मा कांग्रेसका प्रतिनिधीसभा सदस्य उम्मेदवार अजय चौरसिया र २ (क)का प्रदेशसभा सदस्य उम्मेदवार श्याम पटेलका लोकप्रियताका कारण अन्य दलका नेता कार्यकर्ताहरु कांग्रेसमा प्रवेश गर्ने लहर नै चलेको छ । शुक्रबार बहुदरमाइ नगरपालिका वडा नम्बर ४ डोकैला बहुअरमिमा जसपाका प्रभावशाली नेताहरुको नेतृत्वमा करिब ३ सय जना कांग्रेसमा प्रवेश गरेका छन् ।

चौरसिया र पटेलको घरदैलो कार्यक्रमका क्रममा गत स्थानीय तह निर्वाचनमा जसपाबाट वडा सदस्यमा चुनाव लडेका भरत साह र जसपाकै नेता लक्ष्मण साहको नेतृत्वमा ३ सय जना कांग्रेसमा प्रवेश गरेका छन् । नवप्रवेशीहरुलाई चौरसिया र पटेलले अबीर टिका लगाएर पार्टीमा स्वागत गरेका थिए ।

जसपाले सिटको लोभमा मधेश विरोधी एमालेसंग गठबन्धन गरेकाले अब जसपा पनि मधेश विरोधी कित्तामै उभिएका कारण आफूहरुले जसपा छाडेर कांग्रेसमा प्रवेश गरेको नवप्रवेशी साहद्वयले बताए । त्यस अवसरमा नेपाली कांग्रेस पर्साका उपसभापति अशोक गुप्ताका साथै कांग्रेसका स्थानीय नेता कार्यकर्ताहरुको पनि सहभागिता रहेको थियो ।

# पाँच दलीय गठबन्धनका उम्मेदहरुलाई विजयी गराउन आग्रह

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेस मधेश प्रदेश अनुशासन समितिले पाँच दलीय गठबन्धनका उम्मेदवार हरुलाई विजयी गराउन आग्रह गरेका छन् ।

शुक्रबार समितिका संयोजक सुरेश प्रसाद यादवको अध्यक्षतामा र नेपाली कांग्रेस केन्द्रीय अनुशासन समितिका संयोजक आनन्द प्रसाद ढुंगानाको प्रमुख आतिथ्यमा नेपाली कांग्रेस मधेश प्रदेश जिल्ला अनुशासन समितिका संयोजकहरुको उपस्थितिमा छलफल गरी सो आग्रह गरिएको छ ।

प्रदेशका आठ वटै जिल्लामा अग्रगामी लोकतान्त्रिक गठबन्धनका प्रनिनिधिसभा र प्रदेशसभा सदस्यका उम्मेदवारहरुलाई विजयी बनाउन नेपाली कांग्रेसका केन्द्रीय कार्यसमितिले निर्देशन दिएको छ ।

नेपाली कांग्रेसका नेताहरु, क्रियाशील, साधारण सदस्य, भातृ संस्थाका सदस्य एवं शुभेच्छुक संस्थाका सदस्यलाई गठबन्धनका उम्मेदवारहरुलाई सक्रिय रुपमा क्रियाशील भइ लोकतान्त्रिक गठबन्धनका पाँच दलीय उम्मेदहरुलाई विजयी गराउनका लागि अनुरोध तथा निर्देशन दिइएको छ ।

साथै नेपाली कांग्रेसका विधान र गठबन्धनका नीति विपरीत गई अनुशासन भन्दा विपरीतका क्रियाकलाप भए गरेमा नेपाली कांग्रेसको विधान अनुसार कारवाही हुने अनुशासन समिति मधेश प्रदेश यादवलेजनाएका छन् ।

# ओलीबाट अहिले पनि खतरा : अध्यक्ष नेपाल

**राकेश यादव**



गौर । नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री माधव कुमार नेपालले एमाले अध्यक्ष ओली देखि अहिले पनि खतरा रहेको बताएका छन् ।

मंसिर चार गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा निर्वाचनमा रौतहट क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभाका उम्मेदवार भएका अध्यक्ष नेपालले चुनावी प्रचार प्रसारको क्रममा शुक्रवार रौतहटको पचरुखीमा आयोजित कार्यक्रममा सम्वोधन गर्दै आफूले बनाएको एमाले पार्टीलाई कब्जा गरेर नक्क्ली पूर्जा बनाएको आरोप लगाए ।

पुष्पलालले बनाएको एमाले केशरजंगले कब्जा गरेको उदहारण दिदै नेता नेपालले आफूले बनाएको एमाले उनले बलपूर्वक कब्जा गरेको उल्लेख गरे । उनले भने-'जग्गा कसैको पूर्जा कसैले लिएर घुम्दै छ ।'

म ु ल ु क म ा आन्दोलनको जगमा प्राप्त भएको उपलब्धिलाई समाप्त पार्ने उद्देश्यले दुई पटक संसद भंग गरेर ओलीले तानाशाही प्रवृत्ति देखाएकोले त्यसको विरुद्धमा ५ दलीय गठवन्धन बनाउनु परेको उल्लेख गर्दै अध्यक्ष नेपालले मुलुकलाई जोगाउन गठवन्धनको आवश्यकता रहेको जिकिर गरे ।

नेकपा एमालेले राजाको हिमायती गर्नेलाई उम्मेदवार बनाएकोले लोकतन्त्र, संघीयता र गणतन्त्र माथि अहिले पनि खतरा रहेको दावी गर्दै सचेत भएर गठवन्धनका उम्मेदवारलाई मतदान गर्न आग्रह गरे ।

रौतहट जिल्लामा आफूले विकास गरे पनि विपक्षीले नकारात्मक भ्रम फैलाउदै आएको बताए । उनले वागमती नदीको बांध, फलामको ५ वटा पुल, गौर चन्द्रनिगाहपुर सड़क, विद्यालय भवन, सामुदायिक भवन लगायतका विकास निर्माण गरेको दाबी गरे ।

ओलीको गठवन्धनप्रति लक्षित गर्दै नामको कम्युनिष्ट पार्टी भए पनि कामको कमाऊनिष्ट पार्टी रहेको टिप्पणी गरे ।

# ठाडी भन्सारले उठाउन सकेन लक्ष्यअनुसार राजस्व

**टुडे समाचारदाता**

सिरहा । सिरहाको भगवानपुर गाउँपालिका-४ मा अवस्थित ठाडी भन्सार कार्यालयले लक्ष्यअनुसारको राजस्व उठाउन सकेको छैन् ।

आर्थिक वर्ष २०७८/७९ मा १३ करोड दुई लाख ८१ हजार पाएको लक्ष्य तीन करोड ८३ लाख ९२ हजार ९३ उठाउन सकेको छ । त्यो लक्ष्यभन्दा १० करोड कम छ । ठाडी भन्सार कार्यालय प्रमुख धुव्रप्रसाद कोइरीले भन्सारबाट बढी मात्रामा टायल्स, मार्बल र भारतीय गाडी भित्रने र राजस्व उठ्ने गरेको तथा निर्यात शून्य अवस्थामा रहेको बताए ।

चालु आव २०७९/०८० मा ११ करोड ४३ लाख ६७ हजार राजस्व उठाउने कार्यालयको लक्ष्य रहेकामा असोजसम्म एक करोड १५ लाख २४ हजार छ सय ४१ राजस्व उठाउन सकिएको छ ।

कार्यालयले पाएको लक्ष्य पूरा गर्न चुनौती रहेको जनाउँदै अवैधरुपमा भन्सार छली गरी ल्याएको समान जफत गरिएको र चोरी पैठारीसम्बन्धी एक सय ६८ मुदा दर्ता भएको कार्यालय प्रमुख कोइरीले बताए ।

# विशाल निशान यात्रा



**टुडे समाचारदाता**

जनकपुरधाम । खट्टु श्याम बाबाको पर्व हर्षोल्लासका साथ मनाइँदैछ ।

सो अवसरमा श्याम संकीर्तन मण्डलले विशाल निशान यात्रा निकालेको थियो । गाजा बाजाका साथ निस्किएको यस यात्रामा मारबाडी समाजका सयौं महिला पुरुषको सहभागिता रहेको थियो ।

भ ा न ु च ो क ब ा ट निस्केको निशान यात्रा मारबाडी सेवा समितिको सदनसम्म सम्पन्न भएको थियो । निर्मल चौधरीको नेतृत्वमा सञ्चालित यस निशान यात्रामा मारवाडी सेवा समितिका निवर्तमान अध्यक्ष ललित बजाज लगायत समाजका महिला पुरुषहरुको उल्लेख्य सहभागिता थियो ।

# सहमतिपछि तोडियो अनसन

**टुडे समाचारदाता**

राजविराज । अदालतको आदेश कार्यान्वयन तथा न्याय सम्पादन कार्य छिटो छरितो गर्न माग राखी दुई दिनदेखि आमरण अनसनमा बसेका एक दम्पतीले शुक्रबार अनसन तोडेका छन् । सप्तरी जिल्ला अदालतबाट अंश मुद्दामा भएको फैसला कार्यान्वयन हुन नपाउँदै विपक्षी दाजु उमेश प्रसाद साहले उच्च अदालत जनकपुर राजविराज इजलाशमा रिट निवेदन दिई न्याय प्रक्रिया लम्ब्याउन खोजेको र आफूहरुलाई अनावश्यक दुःख दिएको भन्दै दुई दिनदेखी अदालतकै अगाडि आमरण अनसनमा बसेका राजविराज ४ निवासी दिनेश प्रसाद साह र उनका श्रीमती गौरीले अनसन तोडेका छन् ।



उच्च अदालत जनकपुर राजविराज इजलाशका शाखा अधिकृत लक्ष्मीकान्त झाले उनीहरुलाई जुस खुवाएर अनसन तोडाएका छन् । न्यायाधीश र सम्बद्ध फाँटका कर्मचारीहरुको बैठकपछि आगामी बिहीबार उक्त मुद्दाको टुङ्गो लगाउने आश्वासन पाएपछि अनसन तोडिएको साह दम्पतीले जानकारी दिए ।

सो अवसरमा शाखा अधिकृत झाले आवश्यक प्रक्रिया पूरा गरी साह दम्पतीको मुद्दा प्राथमिकताका साथ हेर्ने र छिट्टैन्याय निरुपण गर्ने सहमति भएकाले आमरण अनसन जस्तो कठोर आन्दोलनको आवश्यकता नरहेको प्रक्रिया दिए । अंश मुद्दामा लामो समयदेखि न्याय नपाएको भन्दै साह दम्पती उच्च अदालत जनकपुर राजविराज इजलास अगाडि अनसनमा बसेका थिए ।

# वृद्धाश्रममा फलफूल वितरण



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधामका एक मनकरीले यहाँ स्थित जानकी वृद्धाश्रममा फलफूल, दुध, मिठाइ, नास्ता लगायतका सामग्री वितरण गरेका छन् ।

नेपाल मानव धर्म सेवा समिति वकील टोलका अध्यक्ष बसन्तकुमार श्रेष्ठले आफ्नो आमा कालीमैयाको बार्षिक पुण्यतिथिको अवसरमा ती सामग्रीहरु वितरण गरेका छन् । चन्दाको भरमा चल्ने जानकी वृद्धाश्रममा गरेको सामग्री वितरणले आमाहरु खुशी हुनुका साथै उनले अरुलाई पनि प्रेरणा दिएका छन् ।

जनकपुरधाम-१० बस्ने श्रेष्ठले वृद्धाश्रमका आमाहरुमा देखिएको खुशीले आफ्नो आमा खुशी भएको जस्तो लागेको प्रतिक्रिया दिएका थिए । 'जे जति हुन सके आमाहरुको अनुहार खुशी हेरेर आफ्नो आमा खुशी भएको अनुभूति भएको छ' उनले भने-'सधै सकिदैन् तर, मौका मिलाएर सवैले आमाहरुको अनुहारमा खुशी ल्याउनु पर्छ ।'

हुनत दातृनिकायहरुले वृद्धाश्रमलाई सहयोग गर्दै आएको छ तर, नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले वृद्धाश्रमलाई उपेक्षा गर्दै आएको छ । वृद्धाश्रममा रहेका आमाहरु दाताहरुको पर्खाइमा बसेको जस्तो वातावरण रहेको छ जानकी वृद्धाश्रमको ।

दाताकोभरमा चल्ने वृद्धाश्रममा रहेका आमाहरुकोलागि स्थानीय, प्रदेश सरकारले उपेक्षा गरेका वेला मनकरीहरुको सहयोगले आमाहरुको खानपिनको व्यवस्था हुँदै आएको छ ।

# 'शून्यको कमाल उपभोक्ता मालामाल




**टुडे समाचारदाता**

काठमाण्डु । शौर्य सिमेन्टले देशव्यापी रुपमा 'शून्यको कमाल बनाउँछ उपभोक्ता मालामाल अफर' लिएर आएको छ ।

कार्तिक १५ देखि पौष ३० गतेसम्म लागुहुने यस योजना अन्तर्गत उपभोक्ताहरुले हरेक ५० बोराको खरिदमा १ प्रति कुपन प्राप्त गरी हात खाली नजाने रु ५०० देखि रु१०,००० सम्मको कुपन कअचबतअज गरी नगद प्राप्त गर्न सक्नेछन् ।

त्यसैगरी, ५० बोरा भन्दा बढीको खरिदमा, एक भन्दा बढी कुपन प्राप्त गर्दा,शून्य अंकले उल्लेखित कुपन परेको खण्डमा आफ्नो अर्को कुपनमा भएको रकम पछाडि शून्य थप गरी रु १ लाख सम्म नगद प्राप्त गर्न सक्नेछन्। यद्यपि सयौंको संख्यामा शून्यको कुपन भए पनि प्रत्येक कुपनमा एकपटक मात्र शून्य लाई पछाडि लगेर जोड्न मिल्नेछ ।

साथै उक्त रकममा शून्य थप गरिएको अवस्थामा कम्पनीको आधिकारिक व्यक्तिबाट निर्माण स्थलमै रकम प्रदान गरिनेछ ।

शौर्य सिमेन्ट इण्डष्ट्रिजको सिराहा जिल्लाको मिर्चैयामा अवस्थित छ र ४३ ग्रेडओ.पि.सी, ५३ ग्रे ड ओ.पि.सी,पि.एस.सी र ५३ ग्रेड पि.पि.सी सिमेन्ट उत्पादन गर्दै आएको छ । अन्तराष्ट्रिय स्तरको प्रोडक्सन प्लान्ट भएको शौर्य सिमेन्टले गुणस्तरमा एकरुपता कायम गरी द बेस्ट सिमेन्ट उत्पादन गर्दै आएको छ।

# विकासको लागि मेरो उम्मेदवारी : गुप्ता

**टुडे समाचारदाता**

गौर । नेकपा एमालेका रौतहट निर्वाचन क्षेत्र नम्बर १ का प्रतिनिधि सभाका उम्मेदवार अजय कुमार गुप्ताले क्षेत्रको विकास गर्नको लागि आफ्नो उम्मेदवारी रहेको बताएका छन् ।



निर्वाचन क्षेत्र नम्बर १ को प्रदेश सभा (ख) को छतौनामा घरदैलो गर्ने क्रममा पत्रकारहरु संग कुरा गर्दै गुप्ताले रौतहट क्षेत्र नम्बर १ विकासको सबालमा पछि भएको बताए । गाउ गाउमा कार्यकर्ता तथा मतदाताहरुसंग भेट्ने क्रममा विकासका मुद्दा बाहिर आएको बताए ।

क्षेत्रबाट २ पटक निर्वाचित भएर प्रधानमन्त्री समेत बनेका माधव कुमार नेपालले जनताको चाहना अनुरूप विकास गर्न नसकेको आरोप लगाए । शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधारको विकास साथै कृषि, सिँचाई मूल एजेण्डा रहेको गुप्ताको भनाइ रहेको छ । विकास निर्माणको लागि मतदाताले आफूलाई नै निर्वाचित गराउनेमा पूर्ण विश्वस्त रहेको उनले दाबी गरे ।

## माइग्रेशन हरायो

जनकपुरधामको पिडारी चौक देखि देवी चौक जाने क्रममा मेरो निम्न ब्यहोरा भएको कक्षा १२ (प्लस टू)को माइग्रेशन मिति २०७९/०७/०४ गते हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : संगीता कुमारी झा**
**सिम्बोल नं.: ११८०८११९/२१८०१२८१**
**रजिष्ट्रेशन नं.:६७१८०८१२५**
**ठेगाना:जि.म. बल्वा न.पा.- ६**
**मो.नं.९८४४०२७५१०**

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : अवसर प्राप्त । |
| र्ककट | : पारिवाहिक सुख । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : वाद विवादबाट बच्नु । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : प्रतिभा सम्पन्नता । |
| मीन | : धन बृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



**तुलसीलाई पूजा गर्दै भक्तजन** : बुढानिलकण्ठ नगरपालिका- ३ मा अवस्थित धार्मिक एवम् पर्यटकीयस्थल बूढानीलकण्ठ नारायणस्थान मन्दिरमा शुक्रबार हरिबोधनी एकादशी दिन भक्तजन तुलसीलाई जल चढाउँदै पूजा गर्दै । *तस्विरः रासस*

# आकस्मिक भवन निर्माण




चितवन । भरतपुर अस्पतालमा आकस्मिक भवन निर्माण गरिएको छ। उक्त भवनको भरतपुर महानगरपालिकाका प्रमुख रेनु दाहालले उद्घाटन गर्नुभयो ।

प्रमुख दाहालले भरतपुर महानगरपालिकाको प्रमुख भएपछि पहिलो निर्णय भरतपुर अस्पतालमा उपचारका लागि आउने महिलाका लागि ओपिडी टिकट निःशुल्क गरेको बताउनुभयो । उहाँले भरतपुर अस्पताललाई शिक्षण अस्पताल बनाउनुपर्नेमा जोड दिँदै सङ्घीय सरकारको आगामी वर्षको बजेटमा समावेश गर्नका लागि आफ्नोतर्फबाट पहल गर्ने बताउनुभयो । प्रमुख दाहालले भरतपुर अस्पतालको समग्र विकासका लागि महानगर निरन्तर लागिरहेको भन्दै ढल निकास र बर्थिङ सेन्टरका लागि छलफल भइरहेको जानकारी दिनुभयो ।

उद्घाटन समारोहमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सचिव डा रोशन पोखरेलले सङ्घीय सरकारलाई देखाउने राम्रो अस्पतालभरतपुरअस्पतालभएको बताउनुभयो। सङ्घीय अस्पताल भएर पनि भरतपुर अस्पताल सङ्घ र स्थानीय पालिकाको समन्वयमा चलेको भन्दै उहाँले नवनिर्मित आकस्मिक भवनमा ६० शय्या पुऱ्याउनुपर्ने बताउनुभयो । पचास शय्या सञ्चालनको तयारीमा रहेको आकस्मिक कक्षमा थप १० शय्या विस्तारका लागि मन्त्रालयले सक्दो सहयोग गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

अस्पतालमा एमआरआइका लागि आवश्यक प्रक्रिया मन्त्रालयले पूरा गरिसकेको उहाँले जानकारी दिनुभयो। अस्पतालको फोहर व्यवस्थापनका लागि रु दुई करोड ५० लाख निकासा गरिने पोखरेलको भनाइ छ । उहाँले भन्नुभयो, "भरतपुर अस्पतालको विकासका लागि आवश्यक काम गर्न हामी तयार छौँ ।"

कार्यक्रममा अस्पतालका प्रमुख मेडिकल सुपरिटेण्डेन्ट प्रा डा कृष्णप्रसाद पौडेलले अस्पतालको बहिरङ्ग सेवा (ओपिडी)का विषयमा धेरै गुनासो आउने गरेको भन्दै जनशक्ति मुख्य समस्याका रूपमा रहेको बताउनुभयो। उहाँले बिमाका कारणले बिरामीको चाप बढेको बताउनुभयो। उहाँले दैनिक एक हजार सात सय हाराहारी बिरामीको चाप थेग्नुपरेको उल्लेख गर्दै बिहान १० बजेदेखि नै पेइङ क्लिनिक सञ्चालन गर्ने योजना रहेको बताउनुभयो ।

विसं २०१३ मा बनेको अस्पतालमा नयाँ आकस्मिक भवन बनेको हो । नयाँ आकस्मिक भवनमा हाल ३५ शय्या सञ्चालनमा छन् । केही समयपछि नै ५० शय्यामा सञ्चालन गरिने भएको छ। नयाँ भवनमा आकस्मिक प्रयोगशाला, एक्सरे, शल्यक्रिया कक्षसहितको व्यवस्था छ ।रासस

# निर्वाचनका लागि मतपत्र छपाइ सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि मतपत्र छपाइ सम्पन्न भएको छ।

निर्वाचन आयोगले प्रत्येक मतदाताले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि चार करोड र समानुपातिक निर्वाचन प्रणालीका लागि चार करोड गरी करिब आठ करोड मतपत्र छपाइ गरिएको छ । यस निर्वाचनका लागि मंसिर ३ गतेसम्म १८ वर्ष उमेर पुगि कायम हुने मतदाताको संख्या एक करोड ७९ लाख ८८ हजार पाँच सय ७० रहेको छ।

आयोगले समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत मतपत्र ढुवानी सम्पन्न गरिसकेको छ । हाल पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गतका मतपत्र प्रत्येक निर्वाचन क्षेत्रका लागि धमाधम मतपत्र ढुवानी गरिरहेको छ।

यस अन्तर्गत शुक्रबार ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, भोजपुर, धनकुटा, मोरङ र सुनसरीको मतपत्र ढुवानी गरिएको छ।

गण्डकी, कर्णाली, लुम्बिनी र सुदूरपश्चिम प्रदेशको मतपत्र यसअघि नै ढुवानी भइसकेको छ। आयोगले भक्तपुरस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा मतपत्र छपाइ गरेको थियो।


# प्रधानसेनापतिद्वारा तीन जर्नेललाई दर्ज्यानी चिह्न प्रदान

काठमाण्डु । प्रधानसेनापति प्रभुराम शर्माले उपरथीबाट रथीमा बढुवा हुनुभएका सीताराम खड्कालाई दर्ज्यानी चिह्न प्रदान गर्नुभएको छ।

सैनिक मुख्यालय जङ्गी अड्डामा शुक्रबार आयोजित समारोहमा प्रधानसेनापति शर्माले सहायक रथीबाट उपरथीमा बढुवा हुनुभएका विजय थापा र आशबहादुर तामाङलाई पनि बढुवा भएको पदको दर्ज्यानी चिह्न प्रदान गर्नुभयो।

मन्त्रिपरिषद्को यही कात्तिक १६ गतेको बैठकले उहाँहरूलाई बढुवा गर्ने निर्णय गरेको थियो। सरकारले रथी खड्कालाई बलाध्यक्षको जिम्मेवारी प्रदान गरेको छ । सैनिक मुख्यालयले उपरथी थापालाई सुदुरपश्चिम पृतनापति र उपरथी तामाङ्गलाई नेपाली सैनिक वार कलेजका शिक्षाध्यक्षको जिम्मेवारी एिको छ ।रासस

# निटफेस्ट- २०२२ मंसिर ९ देखि १७ गतेसम्म हुने




काठमाण्डु । 'सामाजिक रूपान्तरणका लागि रङ्गमञ्च :विविधताको उत्सव' नारासहित 'नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०२२' (निटफेस्ट) को दोस्रो संस्करण आयोजना हुने भएको छ।

सन् २०१९ मा पहिलो संस्करण सम्पन्न भएको महोत्सव दुई वर्षको अन्तरालमा आयोजना गर्ने बताइए तापनि विविध कारणले आगामी मङ्सिर ९ देखि १७ गतेसम्म मण्डला थिएटरमा आयोजना हुँदैछ । नाटक हेर्ने परम्परालाई बढाउन महोत्सवको आयोजना गर्न लगिएको मण्डला नाटक घरका संस्थापक अध्यक्ष दयाहाङ राईले जानकारी दिनुभयो ।

"हामी विदेशमा विभिन्न फेस्टिभलमा सहभागी हुन्छौं तर हामीकहाँ किन यस्ता महोत्सव भइरहेका छैनन् भनेर यसलाई सुरु गरेका हौं । हामी नाटकलाई महोत्सवका रूपमा मनाउन चाहन्छौं", उहाँले भन्नुभयो ।

नाटक घर नै व्यस्थापन गर्न अप्ठ्यारो स्थिति रहेकाले यसलाई दुई वर्षको अन्तरालमा आयोजना गर्ने तयारीअनुरूप सुरुआत गरिएको महोत्सव निर्देशक सिर्जना सुब्बाले बताउनुभयो । निटफेस्ट २०२२ मा विश्वभरिबाट छनोट भएका नाटकको सूची र मञ्चन तालिका सार्वजनिक गर्दै निर्देशक सुब्बाले छनोट भएका २२ नाटकको महोत्सवमा कूल ३२ मञ्चन हुने जानकारी दिनुभयो ।

"विभिन्न देशका कला, संस्कृति, राजनीतिक-सामजिक परिवेश र वस्तुस्थिति तथा भावना र संवेगको समग्रता महोत्सवमा पाइनेछ", उहाँले भन्नुभयो । आयोजक मण्डला थिएटर नेपालले सार्वजनिक गरेको सूचीमा नेपालका छ नाटक र विश्वभरिबाट प्राप्त आवेदनबाट छानिएका १६ नाटकको मञ्चन तालिका प्रकाशित भएको छ।

महोत्सवमा नेपालसहित भारत, भूटान, श्रीलङ्का, रुस, इटाली, स्पेन, बेलायत, बेलारुस, इजिप्ट, संयुक्तराज्य अमेरिका, उरुग्वे र अर्जेन्टिनाका नाटक समावेश छन्।

तालिका अनुसार मण्डला थिएटरको मुख्य नाटकघर, स्टुडियो र खुला परिसर गरी तीन स्थानमा हरेक दिन फरकफरक नाटकको एकदेखि पाँच मञ्चनसम्म हुनेछन्।

महोत्सवमा नौ नाटकको भने दुई-दुई मञ्चन हुने उल्लेख छ। नौ दिनसम्म आयोजना हुने महोत्सव मङ्सिर ९ देखि मङ्सिर १७ (नोभेम्बर २५-डिसेम्बर ३) सम्म हुनेछ । शुभारम्भको दिन दुई र समापनको दिन एक नेपाली नाटक मञ्चन हुनेछन् ।रासस

# ललितपुरमा नमूना मतदान

पाटन । जिल्ला निर्वाचन कार्यालय ललितपुरले पुल्चोकमा गरेको नमूना मतदान कार्यक्रम सम्पन्न भएको छ।

ललितपुर महानगरपालिका वडा नं. ३ मदनस्मारक माविमा भएको नमूना मतदानमा ४८ पुरुष र ७४ महिला गरी १२२ जना सहभागीले मतदान गरेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख गोमा धमला घिमिरेले जानकारी दिनुभयो।

प्रमुख धमलाले मतदान गर्ने तरिकाबारे जानकारी दिन नमूना मतदान कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । ललितपुरका ६ वटै स्थानीय तहमा नमूना मतदान कार्यक्रम गर्ने प्रमुख धमलाले जानकारी गराउनु भयो।

मङ्सिर ४ गते हुने प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचनलाई मध्यनजर गर्दै निर्वाचन कार्यालयले सबै स्थानीय तहमा नमूना मतदान कार्यक्रम सञ्चालन गर्न लागेको हो । ललितपुर महानगरपालिकाबाट सुरु भएको यो कार्यक्रम कात्तिक २० गते गोदावरी नगरपालिकाको वडा नं. ११ मा हुने छ। जिल्लाका अन्य चार स्थानीय तहमा भने कात्तिक २७ गते पछाडि मात्रै सञ्चालन हुने धमलाले बताउनुभयो। नमूना मतदानमार्फत मतदानका विषयमा आवश्यक जानकारी दिन लागिएको प्रमुख धमलाको भनाइ छ।

नमूना मतदानले बदर मतको संख्या घटाउनका लागि सहयोग पुग्ने विश्वास गरिएको छ। आसन्न निर्वाचनमा एक मतदाताले प्रत्यक्ष र समानुपातिक गरेर चार मतपत्रमा मतदान गर्नुपर्नेछ।

निर्वाचनमा बदर मतको संख्या घटाउन मतदाता शिक्षा सञ्चालनको पनि तयारी भएको छ। समुदाय स्तरमै मतदाता शिक्षा कार्यक्रम सञ्चालन हुने जनाइएको छ । जिल्लामा एक लाख ५० हजार एक सय ५६ मतदाता रहेका छन् ।रासस

# २२ गते ग्रस्तोदित खग्रास चन्द्रग्रहण



काठमाण्डु । कात्तिक २२ गते मङ्गलबार कार्तिक शुक्ल पूर्णिमामा ग्रस्तोदित खग्रास चन्द्रग्रहण लाग्ने भएको छ । बेलुकी ०५:११ बजे चन्द्रोदय हुँदादेखि नै ग्रहण लागेर नै उदय हुने भएकाले ग्रस्तोदित चन्द्रग्रहण भनिएको नेपाल पञ्चाङ्ग निर्णायक समितिले जनाएको छ ।


ग्रहणले पूरै चन्द्रमा ढाक्ने भएकाले खग्रास भनिएको समितिले प्रकाशन गरेको 'राष्ट्रिय पञ्चाङ्गम्' मा उल्लेख छ। बेलुकी ०५:१३ बजे सूर्यास्त भएपछि ग्रहण स्पष्टरुपमा देखिने छ।

बेलुकी ०५:२७ बजे ग्रहणको उन्मीलन हुने समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले बताउनुभयो । बेलुकी ०६:३४ बजे ग्रहण सकिन्छ । एक घण्टा २३ मिनेट नेपालबाट ग्रहण देखिने छ । चन्द्रग्रहणको नौ घण्टाअघिदेखि सुतक लाग्ने धर्मशास्त्रका ग्रन्थमा उल्लेख गरिएको धर्मशास्त्रविद् प्रा डा रामचन्द्र गौतमले बताउनुभयो।

कात्तिक २२ गते मङ्गलबार बिहान ०८:११ बजेदेखि बाल, वृद्ध र बिरामी बाहेकलाई भोजन निषेध गरिएको छ । बेलुकी ०६:३४ बजे ग्रहण सकिएपछि मात्र भोजन गर्न हुने पनि उहाँले जानकारी दिनुभयो । ग्रहणका बेला जप, स्नान, ध्यान, पाठलगायत कर्म गर्दा फलदायी हुने शास्त्रीय वचन छ।

यसअघि कात्तिक ८ गते मङ्गलबार कार्तिक कृष्ण औँसीका दिन सूर्यग्रहण लागेको थियो। यसरी यो वर्षको कात्तिक महिनाका दुवै पक्षमा ग्रहण लाग्ने समितिले जनाएको छ ।रासस

# दस महिनामा भित्रिए चार लाख ७३ हजार ५६३ पर्यटक



काठमाण्डु। पछिल्लो दस महिनाको अवधिमा झण्डै पाँच लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन्। नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कअनुसार अङ्ग्रेजी वर्षको जनवरीदेखि अक्टोबरसम्म चार लाख ७३ हजार पाँच सय ६३ पर्यटकले नेपाल भ्रमण गरेका हुन्।

अक्टोबरमा मात्रै ८८ हजार पाँच सय ८२ पर्यटक नेपाल आएका छन्। पर्यटक आगमन दर यो वर्षको हालसम्मकै बढी सत्र्या हो। यसअघि अप्रिलमा सबैभन्दा बढी ६१ हजार पाँच सय ८९ पर्यटक नेपाल भित्रिएका थिए। सेप्टेम्बरमा ५८ हजार तीन सय १४, अगष्टमा ४१ हजार तीन सय ४, जुलाईमा ४४ हजार चार सय ६२ र जुनमा ४६ हजार नौ सय ७५ पर्यटक नेपाल आएका थिए। त्यसैगरी, मेमा ५३ हजार छ सय ८, मार्चमा ४२ हजार छ, फेब्रुअरीमा १९ हजार सात सय ६६ र जनवरीमा १६ हजार नौ सय ७५ पर्यटकले नेपाल भ्रमण गरेका थिए।

कोभिड-१९ महामारीका कारण घटेको विदेशी पर्यटकको सत्र्या सन् २०२२ मा भने बढ्दो क्रममा रहेको तथ्याङ्कले देखाउँछ। महामारीपूर्व सन् २०१९ मा ११ लाख ९७ हजार ९१ जना पर्यटक नेपाल आएका थिए। तर सन् २०२० मा कोरोना महामारीका कारण विदेशी पर्यटकको सत्र्या ८१ प्रतिशतले कमी आइ दुई लाख ३० हजार ८५ जना पर्यटक नेपाल भित्रिएका थिए। त्यसैगरी २०२१ मा भने एक लाख ५० हजार नौ सय ६२ पर्यटक नेपाल आएका थिए। जुन सन् २०२० को तुलनामा ३४ दशमलव ४ प्रतिशतले कमी हो।

पर्यटन बोर्डका निर्देशक मणिराज लामिछानेले सन् २०१९ मा आएका कूल पर्यटकको सत्र्यामा ७० देखि ७५ प्रतिशतसम्म 'रिकभर' हुने अपेक्षा गरिएको र सोअनुसार पर्यटक आगमन भइरहेको बताउनुभयो। उहाँले यही दरमा पर्यटक भित्रिए यो वर्ष छ लाखभन्दा बढी पर्यटक बताउनुभयो ।रासस

# युवालाई स्वदेशमै रोजगारी दिने संकल्प



काठमाण्डु । युवालाई देशभित्रै स्वरोजगारी उपलब्ध गराउने नीतिसहित गान्धिवादी पार्टी नेपालले चुनावी सङ्कल्पपत्र सार्वजनिक गरेको छ।

सो पार्टीले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको लागि सहभागिता जनाउँदै अवसरबाट बञ्चित युवालाई स्वदशमै विकास निर्माणका गतिविधिमा सरिक गराउने गरी सङ्कल्प प्रस्ताव सार्वजनिक गरेको हो।


सो पार्टीद्वारा सार्वजनिक सङ्कल्प प्रस्तावमा देश विकासमा युवा र राष्ट्रका लागि राष्ट्रको लगानी भन्ने नाराका साथ कार्यक्रम सञ्चालन गर्ने, कृषि पेशा र किसानलाई आदर गर्दै वैज्ञानिक साधन र स्रोतको परिचालन गरी व्यावसायिक कृषिलाई प्रवर्द्धन उल्लेख गरिएको छ। त्यसैगरी युवालाई रोजगारको अवसर दिन, सेवा र सुविधाबाट वञ्चित नेपाली नागरिकलाई आकस्मिक सेवा र सहयोग पुऱ्याउन परिवार हित कोषको व्यवस्था गर्ने विषय प्रस्तावमा समेटिएको छ।

उदारवादको सिद्धान्तलाई अनुसरण गरेको सो पार्टीले व्यक्तिको राजनीतिक, नागरिक र मानवअधिकारको प्रत्याभूतिलाई जोड दिएको, शैक्षिक तथा आर्थिक नीति, वृद्धवृद्धा र एकल महिलाको हक अधिकार सुनिश्चित गर्न प्रतिबद्धता जनाएको, जनताबाट प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय शासनप्रणाली अवलम्बन गर्ने पक्षमा रहेको र सन्तुलित विदेश नीतिलाई अङ्गिकार गरेको छ।

प्रदेश सरकारलाइ मौद्रिक, परराष्ट्र र केन्द्र सरकारले प्रयोग गर्ने अधिकार बाहेक पूर्णस्वतन्त्र अधिकार प्रदान गरी सो को विकास र संरचनामा विशेष जोड दिने सो पार्टीको सङ्कल्प प्रस्तावमा उल्लेख छ। एक घर एक रोजगारको नीतिलाई जोड दिएको सो पार्टीले नागरिकको सामाजिक सुरक्षा सुनिश्चित गर्ने, जन्मदेखि मृत्युसम्मको एकीकृत सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथकिता दिने, चार वर्षसम्मका बालबालिका र ७० वर्ष नाघेका वृद्धवृद्धालाई पोषणयुक्त खानासहित स्वास्थ्य सुविधि प्रदान गर्ने मुद्दालाई आफ्नो सङ्कल्प प्रस्तावमा समावेश गरिएको छ।

गान्धी पार्टीले आसन्न प्रतिनिधिसभाको निर्वाचनमा र प्रदेशसभाको निर्वाचनमा छ जना उम्मेदवारी दिई निर्वाचनमा होमिएको छ। उक्त पार्टीले प्रतिनिधिसभा सदस्यमा चार जना र प्रदेशसभामा दुई जनालाई उम्मेदवार बनाएको छ । गान्धिवादी पार्टीले प्रतिनिधिसभातर्फ काठमाडौँ क्षेत्र नं २, रौतहट क्षेत्र नं २, रुपन्देही क्षेत्र नं ३ र सर्लाही क्षेत्र नं ३ मा उम्मेदवारी दिएको छ। प्रदेशसभातर्फ रौतहट क्षेत्र ४(१) र सर्लाही क्षेत्र ४(१) मा उम्मेदवारी रहेको पार्टी अध्यक्ष लालबहादुर रानाले जानकारी दिनुभयो ।रासस

# किन भद्रगोल बन्छन् फिल्मका प्रिमियर ?




काठमाण्डु । फिल्मको प्रिमियर के र कुन उद्देश्यका लागि गरिन्छ ? प्रिमियरको महत्त्व र अर्थ के हो ? यो बुझ्ने फिल्मकर्मी नेपालमा औंलामा गन्न सकिने मात्र छन् । फिल्मको राम्रो र नराम्रो पक्षबारे प्रतिक्रिया बुझ्न प्रिमियर राखिन्छ । र, यसका लागि फिल्मकर्मी र पत्रकारलाई निमन्त्रणा गरिन्छ । तर, नेपालमा फिल्मको प्रिमियर निर्माता, निर्देशक र कलाकारका आफन्त र इष्टमित्र केन्द्रित भइरहेका छन् ।

नेपाली फिल्मका पछिल्ला प्रिमियरहरु हेर्ने हो भने गर्नेलाई भन्दा देख्नेलाई लाजको स्थिति छ। हलको सिट संख्याभन्दा दोब्बरलाई प्रिमियरमा बोलाइन्छ। अनि, सिट अभाव भएपछि भूईंमै बसेर फिल्म हेर्नुपर्ने अवस्था आउँछ । भएभरका आफन्तलाई बोलाउनु, एउटा निमन्त्रणामा जन्ती लिएर जानु, हलको क्षमता नहेरी अन्धाधुन्ध अतिथी डाक्नुले फिल्मका प्रिमियर भद्रगोल बन्ने गरेका छन् ।

यसै हप्ता काठमाडौंमा भएको फिल्म 'लाखे'को प्रिमियरले पनि नेपाली फिल्मको प्रिमियर कति हरिविजोग हुन्छ भन्ने थप प्रष्ट्याउँछ । विश्वज्योतीको दुईवटा हल नै प्रिमियरका लागि 'बुक' गरिएको थियो तर फिल्मको टिमले आफन्तदेखि फिल्मकर्मीसम्म अन्धाधुन्ध बोलाउँदा सिट नपाएर नाम चलेका कति कलाकारहरु भूईंमै बस्न बाध्य भएका थिए भने कति फिल्म नहेरी घर फर्किएका थिए ।

'लाखे' मात्र होइन, यसअघि धेरै नेपाली फिल्मको प्रिमियरमा यो नियति देखिएको छ । गत भदौमा प्रदर्शित फिल्म 'झिँगेदाउ'को प्रिमियर पनि त्यस्तै भद्रगोल थियो । हलको सिट क्षमताअनुसार कति अतिथी बोलाउने भन्नेमा फिल्मको टिम सजग हुन सकेको खण्डमा मात्र प्रिमियर व्यवस्थित हुन सक्छ । सबैलाई खुसी पार्न प्रिमियर राख्ने हो भने त्यसको न कुनै अर्थ न त औचित्य रहन्छ ।

नेपाली फिल्मको प्रिमियर उपलब्धिमुलक पनि हुन सकेका छैनन् । प्रिमियरमा बोलाइने फिल्मकर्मीहरुले पर्म लगाउन वा पैंचो तिर्नलाई भए पनि फिल्मबारे नराम्रो बोल्ने आँट गर्दैनन् । र, निर्माण टिम यसैमा गदगद् हुन्छ । तर, प्रिमियरमा मिलेको स्याबासी फिल्म चलेपछि दर्शकबाट मिल्दैन । त्यसैले आजभोली प्रिमियरमा मिल्ने प्रतिक्रियालाई दर्शकले पत्याउनै छाडेको अवस्था छ ।

# 'बिजुली' का लागि अडिसनबाट कलाकार छानिने

काठमाण्डु । निर्माणको तयारीमा रहेको फिल्म 'बिजुली'का लागि अडिसनबाट कलाकार छनोट गरिने भएको छ । कात्तिक २२ गते काठमाडौंमा रहेको कान्तिपुर फिल्म एकेडेमीमा हुन लागेको अडिसनमा २५ देखि ३० वर्ष उमेरको पुरुष, ३० देखि ३५ वर्षको पुरुष र १८ देखि २८ वर्ष उमेरको महिला कलाकार तथा अन्य सहायक चरित्रका लागि कलाकार छानिने निर्देशक विकास गिरीले जानकारी दिए ।

फिल्मको मुख्य भूमिकामा यसअघि नै अभिनेता मुकुन भुषाल र अभिनेत्री बेनिशा हमाल अनुबन्ध भइसकेका छन् । दुई श्रृंखलामा निर्माण हुने फिल्मको कथा लेखन निर्देशक गिरी स्वयंको हो । लुना केसी फिल्मको निर्माता छिन् । बासुकी फिल्म्सको ब्यानरमा निर्माण हुने फिल्ममा कालु रानाको पनि अभिनय रहनेछ । फिल्ममा मुकुन ट्रान्सजेन्डरको भूमिकामा देखिने जानकारी प्राप्त छ ।

केदार भुसाल क्रियटिभ प्रोड्युसर रहने फिल्मको छायांकन आगामी माघ महिनाबाट थालनी गर्ने तयारीमा निर्माण टिम रहेको छ। हरि घले लामाले छायांकन गर्ने फिल्ममा एसोसियट निर्देशक शंकर धिताल, मुख्य सहायक निर्देशक आयुष बिसी र प्रोडक्सन म्यानेजरमा नेत्र बिस्ट रहेका छन् । यो फिल्मको पोस्टर डिजाइनको जिम्मेवारी ट्राईडेन्ट कन्सेप्टका रोयल भिमसेनले पाएका छन् ।

सत्य, त्रेता, द्वापर र कलियुग युगको प्रतिनिधि पात्रको कथामा फिल्म बन्ने निर्देशक गिरीले जानकारी दिए । 'यो हिन्दू धर्मग्रन्थका पात्रको आधुनिक अनुशरण हो,' उनले भने, 'हिन्दू धर्मग्रन्थहरु रामायण, महाभारत र भागवत गीताका चरित्रलाई समेटेर फिल्म बन्नेछ ।' सोसल ड्रामा तथा सस्पेन्स कमेडी जनराको फिल्मले दर्शकलाई फरक स्वाद दिने क्रियटिभ प्रोड्युसर भुसालले बताए ।

## कविता

सगर देह अछि कारा
चौरचन बीतल जितिया बीतल

बीत गेल दशहारा , हम परदेशी
परदेमे सगर देह अछि कारा

बान्हल छी एग्रीमेंटक फंदमे
मातल छी बुझू एतहुका गंधमे

बालु कोडि. मरू भुमी देश मे
रियल तकै छी

बौआए रहल छी गुफा अंधमे
घरक लोक बुझैत होयत हमरा

छौडा खेला रहल छै छिहरा ,हम
परदेसी परदेसमे सगर देह अछि

कारा
बीतल साल ठीक एहि मासमे
बिदा भेल रही नोकरी आसमे

एहू साल नहि छठी-दिवाली
गाबी नहिं पओलहुँ होरीक भासमे

कनैत कनैत भेल आँखि लाल हमर
कंठमे लागि गेल गारा , हम परदेसी
परदेस मे सगर देह अछि कारा



धनेश्वर ठाकुर
धनुषा धाम द्व लक्ष्मीपुर
हाल मरूभुमी देश
दोहा कतार

## छुवाछूत

जाइत,पाइत कऽ रोटी सेका रहल छैं
भाइ सँ भाइ आइ कटाँ रहल छै
म्या मिथिला कनैए घर,घर
जातीवादक अन्हाँरमे
भोटक व्यपार में
छुवा रहल अछि लोग'स लोग
इ जाइत ओकर इ जाइत हमर
इ हिन्दु तऽ इ मुसलमान
बनी गेल अछि एकटा लक्ष्मन रेखा
नही कक्करो दया नही प्रेम,सद्भाव
दिनु-दिन बढी रहल अछि भेदभाव
आ
जाती दुश्मनी
राष्ट्रीय भवना मातृभाव
भाइचारा बिगैर रहल छैं ॥
भाइ खुन सबके लाले अछि
इन्सान सबहक ताइत
केवल हम मिथिलावासी छी
मैथिल
अपन पहचान अछि
धोती,कुर्ता मथक मुरेठा
इ
छुवाछूत उच्चं-नीच
जातीवादक दिबार
लडाइँ-झगडा मार-काट
जाइत-पाइतक भेदभाव किए?
इ मिथिला अछि
हमर, अहाँक
हम सबकें
आ
सब जातीक साझाँ फुलबारी
कोशी,कमला,गण्डक
राजऋषि जनक,
राजा सलहेश,लोरीक विद्यापति
आ माँ जग जननि सियाक पावन पवित्र
मिथिला भुमि



उदगार यादब
मिथिला बिहारी नगरपालिका
सिरसियाठ

# सौगातको 'लाखे' प्रदर्शनमा, हिटमा ह्याट्रिक गर्लान् ?

काठमाडु । यस वर्ष कुनै नायकको सबैभन्दा धैरै फिल्म प्रदर्शनमा आएको छ भने त्यो सौगात मल्लको हो । यस वर्षको ६ महिनाको अवधिमा उनी अभिनीत 'मन्त्र', 'कबड्डी ४', 'राधा', 'माइकल अधिकारी' र 'दुई नम्बरी' फिल्म प्रदर्शनमा आइसकेका छन् ।

जसमध्ये 'कबड्डी ४' र 'दुई नम्बरी' मात्र ब्लकबस्टर रहे । यसबीच, शुक्रवारबाट उनको नयाँ फिल्म 'लाखे'ले देशव्यापी प्रदर्शन थालनी गरेको छ ।

बुधवार काठमाडौंमा भएको प्रिमियरमा सुखद् प्रतिक्रिया बटुलेको फिल्मले मल्टीप्लेक्सहरुमा औसत शो पाएको छ भने छठको छेकोमा रिलिज भएको फिल्म 'महापुरुष'का कारण सिंगल थिएटर पनि पर्याप्त मात्रामा पाएको छैन ।

यो अवस्थामा फिल्मलाई हल संख्या बढाउन बलियो 'वर्ड अफ माउथ'को आवश्यकता पर्नेछ । र, 'लाखे' सफल भए यस वर्ष सौगातले हिटमा ह्याट्रिक गर्नेछन् ।

सम्राट बस्नेतले निर्देशन गरेको यो फिल्ममा सौगात मल्लका अलावा अनुप बिक्रम शाही, अर्पण थापा, आर्यन अधिकारी, वर्षा राउत, रोहित रुम्बा, संजोग राणा, सुशील सिटौला, प्रशान्त ताम्राकार, रक्षा बुढाथोकी, कालु राना, सुगन तण्डुकार, बाल कलाकार सिस्टम भण्डारीलगायतका कलाकारहरुको मुख्य भूमिका रहेको छ । फिल्म एक्सन, सस्पेन्स, थ्रिलर जनरामा निर्माण भएको हो ।

सिजन अर्यालको कथा तथा निर्माण रहेको फिल्मको निर्मातामा डिपी भण्डारी र गणेश मल्ल ठकुरी (जिएम) छन् भने कार्यकारी निर्माता हरि मल्ल ठकुरी हुन् ।

यस फिल्ममा सुजन प्रजापतिको छायांकन, कविराज गहतराजको कोरियोग्राफी, सम्राट बस्नेतको द्वन्द्व निर्देशन, अर्जुन जिसीको सम्पादन, आकाश बरालको पटकथा, अनुप न्यौपाने र आकाश बरालको संवाद लेखन रहेको छ ।

# साम्राज्ञी र जितुको 'ह्यारी कि प्यारी' रिलिज सर्‍यो, अब माघ २० मा

काठमाण्डु । हाँस्य कलाकार जितु नेपाल र अभिनेत्री साम्राज्ञी आरएल शाहले पहिलो पटक स्क्रिन साझेदारी गरेको फिल्म 'ह्यारी कि प्यारी' पूर्व घोषित मितिभन्दा झन्डै तीन महिना पछाडि सरेको छ । यसअघि कात्तिक २५ गतेलाई प्रदर्शन मिति तोकिएकोमा अब यो फिल्म आगामी माघ २० गतेबाट प्रदर्शन हुने भएको छ । चुनाव र विश्वकपले गर्दा निर्माण टिमले फिल्मको प्रदर्शन मिति धकलेको हो ।

यसै साता काठमाडौंमा फिल्मको एक क्लब गीतको छायांकन र पोस्टरका लागि कलाकारहरुको फोटोसुट समेत गरिएको थियो । यो फिल्मलाई निर्माता, गीतकार तथा चिकित्सक भोला रिजालका छोरा डा. कपिल रिजालले निर्माण तथा निर्देशन गरेका हुन् । यो उनको पहिलो निर्देशकिय फिल्म हो । निर्देशक रिजालले परिवारको साथमा बसेर हेर्न मिल्ने गरी फिल्म बनेको बताएका छन् ।

यस फिल्ममा विजय बराल, लक्ष्मी गिरी, सुवास गजुरेल, नरेश पौडेल, रञ्जना भट्टराई, समिक्षा पौडेल, रमेश अधिकारी, डिल्लीराम खनालको पनि अभिनय रहेको छ । फिल्ममा अभिनेत्री रेखा थापा केमियो भूमिकामा प्रस्तुत छिन् । डा. कपिल रिजालको प्रस्तुति रहेको फिल्ममा कथा रिजाल स्वयं, पटकथा/संवाद सुदीप बराल, गिरीराज घिमिरे, डा. रिजाल र अभिमन्यू निरवीले लेखेका हुन् ।

फिल्ममा भोला रिजालको गीत रचना, शिखर सन्तोष र युग भुषालको संगीत, सपनकुमार राई, सौभर दास, थोम्सन एन्ड्र्युज, मीना निरौला र देवाञ्जली जोशीको गायन र कविराज गहतराजको कोरियाग्राफी रहेको छ । सुदीप बरालको छायांकन रहेको फिल्मलाई अर्जुन जिसीले सम्पादन गरेका छन् । पेशाले दन्त चिकित्सक रहेका रिजालले यसअघि केही सर्ट फिल्मको निर्देशन गरेका थिए ।



# प्रेमको जात हुँदैन भन्ने भाव बोल्ने 'निरमाया' गीत

काठमाण्डु । रमेश कोइराला निर्देशित फिल्म 'निरमाया'को पहिलो गीत सार्वजनिक गरिएको छ । 'मायाको रंग हुँदैन' बोलको गीतमा धर्मेन्द्र सेवान र रेखा शाहको स्वर छ भने उत्तम भेटुवालको शब्द रचना र रिमेश कुमारको संगीत छ । प्रेमको जात र रंग हुँदैन भन्ने भाव बोलेको गीतको भिडियोमा फिल्मका कलाकारहरु जेवी डिसी, अजित लामिछाने, प्रतिषा रिजाल र समृद्धि पौडेल फिचरिङ छन् ।

मदानी मुभिजको प्रस्तुतिमा पदम विश्वकर्मा साहित्य प्रतिष्ठानले सहकार्य गरेको फिल्मले नेपाली समाजलाई कुरुप बनाएको जातीय विभेदको विषय उठाएको छ । अनन्त प्रसाद तिमल्सिना प्रस्तुतकर्ता रहेको फिल्ममा रमेश बुढाथोकी, लय संग्रौला, अनिता केसी, रमेश अधिकारी, जे.एन. घिमिरे, गोपाल ढकाल, रामबाबु रेग्मी, दीपक अधिकारी, सम्झना अधिकारीलगायतको पनि अभिनय छ ।

महेश तिमल्सिना कार्यकारी निर्माता रहेको फिल्मको निर्माता रोजा तिमल्सिना र रमेश दाहाल हुन् । फिल्ममा राम कुमार केसीको कथा, अजित लामिछानेको पटकथा/संवाद, रवि कोइराला र जीवन पराजुलीको छायांकन, उत्तर राना मगर र तारा थापा 'किम्भे'को सम्पादन, कविराज गहतराजको कोरियोग्राफी, अशोक खड्काको द्वन्द्व निर्देशन, कमल अधिकारी र रिमेश कुमारको संगीत छ ।



# पुष १५ देखि प्रियंका-आयुष्मानको 'चि मुसी चि'

काठमाण्डु । रियल जोडी प्रियंका कार्की र आयुष्मान देशराज जोशी अभिनीत फिल्म 'चि मुसी चि : इभन डेड डिजायर बिलङ्गिङ'को प्रदर्शन मिति घोषणा गरिएको छ । शुक्रवार फिल्मको थिम पोस्टर सार्वजनिक गर्दै आगामी पुष १५ गतेलाई प्रदर्शन मिति तोकिएको हो । यो फिल्मको बक्सअफिसमा अभिनेता आर्यन सिग्देलको 'डिसेम्बर फल्स' र अभिनेत्री ऋचा शर्माको 'कौसीद'सँग भिडन्त हुनेछ ।

एमी स्टुडियो प्रोडक्सनको ब्यानरमा निर्मित फिल्ममा प्रियंका र आयुष्मानको अलावा ऋचा शर्मा, बेनिशा हमाल, राजन खतिवडा, रविन्द्र झा, गौरव बिष्टलगायतका कलाकारहरुको अभिनय रहेको छ । यो फिल्मले नेपालमा हरर तथा थ्रिलर जनरामा नयाँ ट्रेन्ड स्थापित गर्ने निर्माता अरुण चक्रावर्तीको विश्वास छ । यस फिल्मको निर्देशन मर्ण जेम्स र यश सैनीले संयुक्त रुपमा गरेका हुन् ।

नेपाली र बलिउडका प्राविधिकहरुले काम गरेको फिल्मले दर्शकलाई फरक र नयाँपन महसुस गराउने निर्देशक जेम्सले बताए । फिल्ममा रिञ्जु केसी र अरुण चक्रावर्तीको संयुक्त लगानी छ । डिसिएनले देशव्यापी वितरण गर्ने फिल्मको डिजिटल राइट्स ओएसआर डिजिटलले खरिद गरेको छ । पहिलो पटक प्रियंका, ऋचा र बेनिशालाई पर्दामा हेर्न दर्शकलाई रोचक हुने देखिन्छ ।



**तस्बिर अवलोकन गर्दै मन्त्री श्रेष्ठ** : सस्कृति,पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठ मकवानपुरको बसन्तपुरमा आयोजना गरेको तस्बिर प्रदर्शनी अवलोकन गर्नुहुँदै । *तस्विरः रासस*

# मुक्तिनाथ हिन्दू र बौद्धमार्गीको आस्थाको धरोहर- राष्ट्रपति

मुस्ताङ । राष्ट्रपति विद्यादेवी भण्डारीले यहाँको प्रसिद्ध धार्मिकस्थल मुक्तिनाथ विश्वभरिका हिन्दू र बौद्धमार्गीको आस्थाको धरोहरका रुपमा रहेको बताउनुभएको छ ।

शुक्रबार मुक्तिनाथ मन्दिर परिसरमा निर्मित भगवान् गौतम बुद्धको प्रतिमा अनावरण एवं भगवान् विष्णुको प्रतिमा शिलान्यासपछि राष्ट्रपति भण्डारीले मुक्तिनाथ क्षेत्र नेपालकै विशिष्ट धार्मिक एवं सांस्कृतिक सम्पदा रहेको उल्लेख गर्नुभयो ।

उहाँले बुद्धको प्रतिमा अनावरण र भगवान् विष्णुको प्रतिमा शिलान्यास गर्न पाउनुलाई आफूले ऐतिहासिक अवसरका रुपमा लिएको पनि बताउनुभयो । "मूर्ति अनावरण तथा शिलान्यासमा सहभागी हुन पाएकामा खुसी व्यक्त गर्दछु", राष्ट्रपति भण्डारीले भन्नुभयो, "यसबाट हिन्दू र बौद्ध समुदायको साझा आस्थाको केन्द्रका रुपमा रहेको मुक्तिनाथ क्षेत्रको धार्मिक एवं पर्यटकीय महत्व अझ बढ्न जाने मैले विश्वास लिएकी छु ।"

बहुसाँस्कृतिक आयाम बोकेर सदियौँको इतिहास समेटेको मुक्तिनाथ क्षेत्र र मुक्तिनाथ मन्दिरको महत्वलाई पौराणिक ग्रन्थले ठूलो सम्मानका साथ उल्लेख गरेको उहाँको भनाइ थियो । राष्ट्रपति भण्डारीले भौगोलिक, सामाजिक र सांस्कृतिक हिसाबले मुस्ताङ विशिष्ट रहेको बताउनुभयो ।

"मुस्ताङमा रहेका धार्मिक, सांस्कृतिक सम्पदा हाम्रा अमूल्य निधी हुन्, यिनीहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन हुनुपर्छ, यसबाट प्राप्त आर्थिक लाभ यहीँका जनताको सुख र समृद्धिका लागि सदुपयोग गरिनुपर्छ", उहाँले भन्नुभयो ।

उहाँले मुस्ताङका धार्मिक तथा पर्यटकीय क्षेत्रको भौतिक तथा पूर्वाधार विकासमा सङ्घ, प्रदेश र स्थानीय तहले समन्वयकारी पहल लिनुपर्ने धारणा राख्नुभयो । राष्ट्रपति भण्डारीले मित्रराष्ट्र चीनसँग व्यापारिक सम्पर्क स्थापित गर्न सहज हुने कोराला नाकाले मुस्ताङलाई अर्को परिचय दिएको बताउनुभयो ।

"हाम्रा उत्पादनका लागि सहज बजार हुने दुई देशका बीचमा स्थल मार्ग हुँदै व्यापार विस्तार गर्ने नयाँ सम्भावना कोराला नाकाले खोल्ने भएकाले स्थल मार्गबाट नाका सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माणमा ध्यान दिनुपर्दछ", उहाँले भन्नुभयो ।

राष्ट्रपति भण्डारीले शुक्रबार बिहान मुक्तिनाथ मन्दिरमा विशेष पूजाआजासमेत गर्नुभएको थियो । मन्दिर परिसरमा रहेका १०८ धाराको परिक्रमासँगै मन्दिरमा विशेष पूजाआजा गर्नुभएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जानकारी दिनभयो ।रासस

# गठबन्धनका मुख्य तीन काम : नेता श्रेष्ठ



चितवन । नेपाल कम्युनिष्ट पार्टी माओवादी केन्द्रका वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले संविधानको रक्षा, शान्ति सम्झौताका बाँकी काम पूरा गर्न र समृद्ध नेपाल निर्माणका लागि गठबन्धनको मुख्य तीनकाम भएको बताउनुभएको छ ।

गोरखा समाज चितवनले शुक्रबार आयोजना गरेको गोरखाको समग्र विकासको योजना तर्जुमा कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "संविधान र लोकतन्त्रमाथि खतरा बढेपछि बनेको यो गठबन्धनले देशका लागि धेरै काम गर्नुछ ।" गठबन्धनले निर्वाचन जितेर देशको विकासमा लाग्न आवश्यक रहेको बताउनुभयो । लोकतन्त्र, संविधान र प्राप्त उपलब्धिको रक्षा गर्दै जनताले अनुभूति गर्ने गरी विकास गर्नका लागि गठबन्धनको जित आवश्यकता रहेको उहाँको भनाइ थियो । शान्ति प्रक्रियाका केही अवशेष रहेको भन्दै उहाँले त्यसलाई पूरा गर्नका लागि गठबन्धन आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "द्वन्द्वपीडितका लागि आयोगले गर्नुपर्ने काम अझै बाँकी रहेको छ । त्यसका लागि गठबन्धनले काम अघि बढाउने छ ।"

जनताको अपेक्षाअनुसार काम हुन नसकेको बताउँदै श्रेष्ठले जनतामा निरासा पैदा हुँदा राष्ट्रियतामाथि खतरा हुने र राज्य असफल हुने बताउनुभयो । संविधान कार्यान्वयनको चरणमा रहेको बताउँदै उहाँले भन्नुभयो, "यो गठबन्धन निश्चित उद्देश्यका साथ बनेको छ । त्यो उद्देश्य पूरा गर्छ ।"

उहाँले गोरखाको विकासका लागि माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को उम्मेदवारी इतिहास सावित हुने बताउनुभयो । गोरखा पर्यटकीय, सामाजिक तथा विकासका दृष्टिकोणले सम्भावना बोकेको जिल्ला भएको भन्दै उहाँले यसको विकासका लागि सबै हातेमालो गरेर अघि बढ्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा लोकतान्त्रिक वाम गठबन्धनका तर्फबाट गोरखा प्रतिनिधिसभा सदस्यका उम्मेदवार राजेन्द्र बजगाई, प्रदेशसभा सदस्य क्षेत्र नम्बर १ (क) का उम्मेदवार कृष्णप्रसाद धिताल र २ (ख) का उम्मेदवार सुरेन्द्र पाण्डेले गठबन्धन मिलेर विकास सम्भव कसरी हुन्छ भन्ने देखाउने बताउनुभयो । दलहरु प्रति जनताको आस्था गुम्दै गएको समयमा गठबन्धनले नयाँ आयाम थपेको उहाँहरुको भनाइ थियो ।रासस

# लोकतन्त्र र संविधान रक्षाका लागि गठबन्धन गर्नुपरेको हो : प्रधानमन्त्री देउवा




डडेल्धुरा । नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री शेरबहादुर देउवाले लोकतन्त्र र संविधानको रक्षाका लागि गठबन्धन गरी एक ठाउँमा उभिनुपरेको बताउनुभएको छ ।

गृहपालिका गन्यापधुरा-२ वडालमा शुक्रबार आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उहाँले आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा नेपाली कांग्रेससहितको गठबन्धन बहुमतका साथ विजयी हुने दाबी गर्नुभयो । सबै पक्ष, जातजाति र भूगोल तथा अन्यायमा परेका मानिसको पक्षमा रहेका गठबन्धका उम्मेदवारलाई विजयी बनाउन उहाँले आग्रह गर्नुभयो । राजनीतिमा स्थायी शत्रु र मित्र नहुने भएकाले राजनीति परिस्थितिअनुसार चल्ने उहाँको भनाइ थियो ।

प्रधानमन्त्री देउवाले न्यायपालिका स्वतन्त्र हुनुपर्नेमा जोड दिँदै न्यापालिकामाथिको हस्तक्षेप र आरोप बन्द हुनुपर्ने बताउनुभयो । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री हुँदा न्यायालय र संविधाननलाई कमजोर पार्ने चेष्टा गरेको आरोप लगाउँदै प्रधानमन्त्री देउवाले न्याय क्षेत्रलाई स्वतन्त्ररूपमा काम गर्ने वातावरण आफ्नो नेतृत्वको सरकारले कायम गरेको बताउनुभयो ।

कुनै पनि व्यक्ति वा प्रधानमन्त्रीले संसद् भङ्ग गर्न नपाउन् भन्ने अभिप्रायले लोकतन्त्रको मर्म र जनताको अभिमतका आधारमा तयार पारिएको नेपालको संविधान मास्ने र च्यात्ने खतरा बढेको तर ससंद् र अदालत नै संविधानको रक्षा गर्ने निकाय भएको उहाँको भनाइ थियो । उहाँले अतिक्रमित नेपालको भूमि कुटनैतिक पहल र आपसी सम्बन्धका आधारमा फिर्ता ल्याउन पहल भइरहेको जानकारी दिनुभयो । आफू पनि सुदूरपश्चिमवासी भएकाले लिम्पियाधुरा, लिपुलेक, कालापानी र अन्य भूमिसम्बन्धी विवाद पनि कूटनीतिक पहलका आधारमा समाधान गर्ने उहाँले स्पष्ट पार्नुभयो ।

प्रधानमन्त्री देउवाले सुदूरपश्चिम र डडेल्धुराको विकासका लागि आफू सधैं प्रतिबद्ध स्पष्ट गर्नुभयो । डडेल्धुरामा मेडिकल कलेज निर्माणको प्रक्रिया अगाडि बढिसकेको जानकारी दिँदै उहाँले पश्चिम सेती जलविद्युत् आयोजना, विमानस्थल, ग्रामीण सडकको स्तरोन्नति, सिँचाइ, खानेपानी र विद्यालय निर्माण जस्ता विकासका गतिविधि यस क्षेत्रमा अगाडि बढेको बताउनुभयो । प्रधानमन्त्री देउवाले कात्तिक १९ गते बिहान अजयमेरु गाउँपालिकाको भद्रपुर र दिउँसो भागेश्वर गाउँपालिकाको रुपाल तथा २० गते आलिताल गाउँपालिकाको गोदाम र परशुराम नगरपालिकाको जोगबुढामा गठबन्धनले आयोजना गर्ने चुनावी सभालाई सम्बोधन गर्ने कार्यक्रम छ ।रासस

# समृद्धि र स्थिरताका लागि साझा गठबन्धन- सञ्चारमन्त्री कार्की

विराटनगर । सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकमा समृद्धि र स्थिरताका लागि साझा गठबन्धनका उम्मेदवार विजयी हुनुपर्ने बताउनुभएको छ ।

आसन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका सन्दर्भमा सुनसरी जिल्ला निर्वाचन क्षेत्र नं ४ का विभिन्न स्थानमा आज आयोजित सभामा उहाँले सुनसरी निर्वाचन क्षेत्र नं ४ लाई विराटनगर-धरानसँग जोड्न कुनै कसर बाँकी नराख्ने भन्दै यस क्षेत्रमा शिक्षा, स्वास्थ्य, र सञ्चार क्षेत्रको धेरै काम गरेको बताउनुभयो । उहाँले प्रकाशपुर बजारलाई व्यवस्थित बनाउन चक्रपथ निर्माण गर्ने भन्दै विकास र समृद्धिका लागि झ्याएसम्म काम गर्ने बताउनुभयो । यस क्षेत्रमा रहेका प्रशस्त सम्भावनालाई अवसरमा बदल्ने उहाँको भनाइ थियो ।

कार्यक्रममा निर्वाचन क्षेत्र नं ४ प्रदेशसभाका उम्मेदवार सदानन्द मण्डलले झुठो र लालच बाँढ्ने उम्मेदवारसँग सावधान रहन आग्रह गर्नुभयो । विगतमा नेपाली कांग्रेसले वर्चस्व स्थापना गरेको यस क्षेत्रमा साझा गठबन्धनका उम्मेदवारले विजय हासिल गरे मात्र विकास र समृद्धि हासिल हुने उहाँको भनाइ थियो ।रासस

# हाम्रो जमिन फिर्ता ल्याउछौँ- अध्यक्ष ओली

दार्चुला । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले भारतले अतिक्रमण गरेको नेपालको भूमि फिर्ता ल्याउने बताउनुभएको छ । आसन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि एमालेको राष्ट्र्व्यापी चुनावी अभियानको शुक्रबार दार्चुलामा उद्घाटन गर्दै उहाँले सो धारणा राख्नुभएको हो ।

चुच्चे नक्सामा समेटिएको भूमि दार्चुलामा पुगेर ओलीले भन्नुभयो, "हामीले नक्सामात्र होइन लिपुलेक, लिम्पियाधुरासहितको भूमि पनि फिर्ता ल्याउछौँ । राष्ट्रियताको रक्षाका लागि एमाले प्रतिबद्ध छ, हामीले हाम्रो भूमि एक इञ्च पनि छोड्दैनौँ ।"

भारतले विभिन्न बहानामा काली नदीको उद्गम स्थानसमेत नक्कली बनाएको भन्दै उहाँले सन् १९६६ मै स्वर्गीय प्रेमसिंह धामीले यो क्षेत्रको आवाज उठाएको स्मरण पनि गर्नुभयो । पूर्वप्रधानमन्त्री ओलीले चुच्चे नक्सा जारी गरेकै कारण अहिले दार्चुलाको व्यासको कालापानी विश्वले चिन्ने भएको प्रसङ्ग उल्लेख गर्नुभयो ।रासस

# नेकपा (माओवादी समाजवादी)को घोषणापत्र सार्वजनिक

काठमाण्डु । नेकपा (माओवादी समाजवादी)ले मंसिर ४ गतेको निर्वाचनलाई लक्षित गरी घोषणापत्र सार्वजनिक गरेको छ ।

कर्णजित बुढाथोकी नेतृत्वको सो पार्टीले शुक्रबार पत्रकार सम्मेलन गरी वैज्ञानिक समाजवाद स्थापनाको लागि जनविद्रोहमार्फत वैचारिक, राजनीतिक, सङ्गठनात्मक, आर्थिक, सङ्घर्ष र अन्तरराष्ट्रिय आधार तय गर्ने प्रतिवद्धता गरेको छ ।




पार्टीको चुनाव चिह्न 'महिला र पुरुषको तस्बिर' रहेको छ । पार्टीले वैज्ञानिक समाजवाद स्थापना नभइसकेको सङ्क्रमणकालीन चरणमा सबै राजनीतिक दल, पक्षको स्वामित्व सुनिश्चित् हुनेगरी अग्रगामी राजनीतिक निकासको लागि राष्ट्रिय राजनीतिक जन-परामर्श सम्मेलनमार्फत जनपक्षीय, सर्वदलीय राष्ट्रिय संयुक्त सरकार गठन गर्नेसमेत घोषणा गरेको छ ।

'पार्टीले १० वर्षे जनयुद्धका शहिदलाई राष्ट्रिय शहिद घोषणा तथा अपाङ्गता भएकालाई आजीवन निःशुल्क उपचारको व्यवस्था गर्ने, पूर्वजनमुक्ति सेनालाई मासिक २० हजार गणतान्त्रिक भत्ताको लागि सङ्घर्ष गर्ने घोषणा गरिन्छ' घोषणापत्रमा भनिएको छ ।

त्यसैगरी, शिक्षा, स्वास्थ्य उपचार, स्वच्छ खानेपानी र बिजुली बत्तीको निःशुल्क व्यवस्था गर्ने अठोट पार्टीले लिएको छ । पर्यटन विकास र प्राकृतिक श्रोत साधन, सम्पदा संरक्षण, प्रवर्द्धन, उचित व्यवस्थापन र वितरण गरिने प्रतिवद्धता गर्नुका साथै गरिएको राष्ट्रिय पुँजी, उद्योगको संरक्षण र प्रवर्द्धन गर्ने पाटीी जोड छ ।रासस

# उपराष्ट्रपतिलाई निर्वाचन तयारीबारे आयोगको जानकारी



काठमाण्डु । उपराष्ट्रपति नन्दबहादुर पुनले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन निष्पक्ष, भयरहित र स्वतन्त्ररुपमा सम्पन्न हुने विश्वास व्यक्त गर्नुभएको छ ।

उहाँले आगामी निर्वाचनलाई हालसम्मकै कम विवादित तथा बढी निष्पक्ष र स्वतन्त्र बनाउने चुनौती निर्वाचन आयोगसँग भएको बताउनुभएको छ ।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन तयारीबारे जानकारी गराउन आज अपराह्न उपराष्ट्रपति भवन हरितगृह पुग्नुभएका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलिया र निर्वाचन आयोगका अन्य पदाधिकारीसँग कुरा गर्नु हुँदै उपराष्ट्रपतिले निर्वाचनमा अधिकतम मतदाता सहभागी हुनसक्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले आयोगले गरिरहेको निर्वाचनको तयारीबारेमा खुसी व्यक्त गर्नुभयो ।

"स्थानीय तहको निर्वाचन सम्पन्न गरेकामा म निर्वाचन आयोगलाई बधाई तथा धन्यवाद दिन चाहन्छु", उहाँले भन्नुभयो, "प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको आयोगले जुन तयारी गरिरहेको छ, यसबाट म निकै खुसी भएको छु । निष्पक्ष, भयरहित र स्वतन्त्र वातावरणमा निर्वाचन सम्पन्न हुनेमा म विश्वस्त छु ।"

उपराष्ट्रपतिसँगको भेटमा प्रमुख निर्वाचन आयुक्त थपलियाले निष्पक्ष, भयरहित र स्वतन्त्र वातावरणमा निर्वाचन सम्पन्न गराउने प्रतिबद्धतासहित आयोगले तयारीका कामलाई तीव्र बनाएको बताउनुभयो ।

आयुक्त थपलियाले मतपत्र छपाइको काम सम्पन्न भएको जानकारी गराउनुहुँदै उपत्यका बाहिरका जिल्लामा ढुवानीसमेत भइसकेको जानकारी गराउनुभयो । उहाँले मतदान सम्पन्न भएपछि आयोगले छिटोभन्दा छिटो मतगणना गरेर परिणाम घोषणा गर्ने बताउनुभयो ।रासस

# आगामी निर्वाचन अग्रगमन र प्रतिगमनबीचको लडाइँको फैसला : अध्यक्ष दाहाल

गोरखा । नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं गोरखा क्षेत्र नं २ मा प्रतिनिधिसभाका उम्मेदवार पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी मङ्सिरमा हुने निर्वाचनले मुलुकमा अग्रगमन र प्रतिगमनबीचको लडाइँको फैसला गर्ने बताउनुभएको छ ।

गोरखा नगरपालिका-१४ स्थित याङ्कोटमा शुक्रबार आयोजित वाम-लोकतान्त्रिक गठबन्धनको संयुक्त चुनावीसभालाई सम्बोधन गर्दै उहाँले निर्वाचनमार्फत् पश्चगामी शक्तिलाई पराजित गर्नुपर्ने बताउनुभयो । "मुलुकलाई पछाडि फर्काउन चाहने शक्ति गठबन्धन गरेर निर्वाचनमा आएका छन्", उहाँले भन्नुभयो, "त्यस्ता गठबन्धनलाई जनताले चिन्नुपर्छ ।"

आगामी निर्वाचनमा अग्रगमनको पक्षमा फैसला गर्न उहाँले अपिल गर्नुभयो । "अहिलेको निर्वाचन अन्य निर्वाचन जस्तो सामान्य छैन", उहाँले भन्नुभयो, "गणतन्त्र र संविधान स्वीकार गर्ने तथा गणतन्त्र र संविधान विरोधीको लडाइँ छिनोफानो गर्ने निर्वाचन हो ।" संविधान निर्माणपछि देश स्थायित्वमा जान्छ भन्ने ठानेर केही गणतन्त्र विरोधीलेले संविधानविरुद्ध गतिविधि गरेपछि वाम-लोकतान्त्रिक गठबन्धन बनेको अध्यक्ष दाहालको भनाइ थियो ।रासस

जनकपुर टुडे





**चिनियाा विशेषज्ञहरू** : किहाङ्गाका किसानहरूले बुरुन्डीमा हाइब्रिड धान रोप्दै ।

*तस्विर : सिन्ह्वा*

# सन्दीप लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश

**टुडे समाचारदाता**

काठमाण्डु । जिल्ला अदालत काठमाडौँले राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछानेलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको छ।

न्यायाधीश माधवप्रसाद घिमिरेको इजलासले लामिछानेविरुद्ध परेको मुद्दामा थुनछेक बहसपछि आज पुर्पक्षका लागि थुनामा पठाउने आदेश गरेको हो । उक्त मुद्दामा बुधबारबाट थुनछेक बहस प्रारम्भ भएको थियो ।

सरकारी वकिल कार्यालयले लामिछानेविरुद्ध १७ वर्षीया किशोरीलाई बलात्कार गरेको आरोपमा यही कात्तिक १४ मा मुद्दा दायर गरिएको थियो ।

सरकारी वकिल कार्यालयले दर्ता गरेको मुद्दामा लामिछानेलाई १० देखि १२ वर्षसम्म कैद सजाय हुनुपर्ने माग गरिएको छ । मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद १८ को करणीसम्बन्धी कसुरको दफा २१९ को उपदफा (३)को देहाय (घ) अन्तर्गतको कसुर गरेको अभियोग लगाइएको छ। संहिताको दफा २१९ को उपदफा (३) देहाय (घ) मा १६ वर्षभन्दा बढी १८ वर्षभन्दा कम उमेरकी महिलालाई करणी गरेमा १० देखि १२ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ।

***लामिछानेले भने आफूविरुद्ध लागेको बलात्कार आरोप अस्वीकार गर्दै आफू निर्दोष रहेको र बलात्कार नगरेको बयान दिएका छन् भने पीडितले आफूमाथि बलात्कार भएको बयान दिएकी छिन्।***

लामिछानेले भने आफूविरुद्ध लागेको बलात्कार आरोप अस्वीकार गर्दै आफू निर्दोष रहेको र बलात्कार नगरेको बयान दिएका छन् भने पीडितले आफूमाथि बलात्कार भएको बयान दिएकी छिन्।

लामिछानेविरुद्ध नाबालिकमाथि जबर्जस्ती करणी गरेको आरोपमा जाहेरी परेपछि उनलाई न्यायिक हिरासतमा राखिएको छ। प्रहरीले गत असोज २० मा उनलाई अन्तर्राष्ट्रिय विमानस्थलबाट पक्राउ गरेको थियो।

# देशलाई आर्थिक अभाव

**सिन्ह्वा**

कम्पाला । इबोलाका विरुद्धमा सङ्घर्ष गर्नका लागि आर्थिक सहयोग आवश्यक रहेको युगाण्डाको सरकारले जनाएको छ।

युगाण्डाको सरकारले हाल त्यहाँ फैलिएको इबोलाको प्रकोपको नियन्त्रण गर्न र यसकाविरुद्ध लड्न कम्तीमा पनि २० मिलियन अमेरिकी डलर आवश्यक रहेको जनाएको हो।

युगाण्डका स्वास्थ्य मन्त्री मार्गरेट मुहांगाले बिहीबार यहाँको संसदमा बोल्दै यहाँ इबोलाको प्रकोपका विरुद्धमा लड्न सो रकम आवश्यक रहेको जानकारी दिनुभएको हो।

उहाँले पछिल्लो समयमा इबोलाको प्रकोपले देशको स्वास्थ्य क्षेत्रलाई नै चुनौती दिन थालेको भन्दै यसका लागि सो रकम आवश्यक परेको र यसबाट इबोलाको औषधि उपचारका लागि अन्य स्वास्थ्य संरचनाहरु निर्माण गर्नुपर्ने अवस्था रहेको जानकारी संसदमा दिनुभएको हो।

हालैमात्र विश्व स्वास्थ्य संगठनका महानिर्देशक टेड्रोस आधनाम ग्याब्रेसियसले पनि युगाण्डा र यसका छिमेकी देशहरुमा इबोलाको प्रकोप बढिरहेकाले यसको रोकथाम तथा नियन्त्रणका लागि रकम आवश्यक रहेको जानकारी ट्वीट गरेर दिनुभएको थियो।

यसअघि युगाण्डको सरकारले पनि देशको ठूलो मात्राको बजेट इबोला नियन्त्रणका लागि खर्च भइसकेको तर अझै महामारी नरोकिएकाले ठूलो रकम आवश्यक रहेकाले सहयोगका लागि विश्व समुदायसँग आग्रह पनि गरेको थियो।

# युद्धविरामको दक्षिण अफ्रिकाद्वारा स्वागत

**सिन्ह्वा**

जोहानेस्बग । इथियोपियामा भएको युद्धविरामको दक्षिण अफ्रिकाले स्वागत गरेको छ। दक्षिण अफ्रिकाको सरकारले बिहीबार सो युद्धविरामको स्वागत गरेको बताइएको हो । इथियोपियाको सरकार र उत्तरी इथियोपियामा हिंसात्मक द्वन्द्व गरिरहेको विद्रोही समूह टिगरे पिपुल्स लिबरेसन फ्रन्टका बीचमा बुधबार युद्धविराम भएको थियो।



सो युद्धविरामको संयुक्त राष्ट्रसंघीय महासचिव एन्टोनियो गुटरेसले पनि बिहीबार स्वागत गर्नुभएको थियो । उहाँले यहाँ भएको युद्धविरामको समयलाई लम्ब्याउन र यसैमार्फत् इथियोपियामा शान्ति स्थापनाका लागि सबैको सहयोगका लागि आग्रह गर्नुभएको थियो।

दक्षिण अफ्रिकाको प्रिटोरियामा इथियोपियाको सरकारका प्रतिनिधि र यहाँको टिगरे क्षेत्रमा हिंसा जारी राखेको टिगरे पिपुल्स लिबरेसन्स फ्रन्ट समूहका बीच शान्ति वार्ता भएको थियो र यसैक्रममा दुवै पक्ष बिहीबार हालका लागि युद्धविराम गरी वार्ता प्रक्रिया अघि बढाउन सहमत भएका थिए।

दक्षिण अफ्रिकी सरकारको समन्वयमा सो वार्ता सुरु भएको र त्यसपछि बुधबार यी दुवै पक्ष तत्काले युद्धविराम गर्न सहमत भएका थिए। सो युद्धविरामको राष्ट्रसङ्घ र विश्व समुदायले नै स्वागत गरेको छ।

दक्षिण अफ्रिकाको सरकारले प्रकाशन गरेको विज्ञप्तिमा टिगरे क्षेत्रमा जारी रहेको हिंसाका कारण यहाँको जनजीवन प्रभावित भएको भन्दै यसबाट नागरिकको शान्तिपूर्ण र स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्न तथा देशमा शान्ति स्थापना गर्न सबैको सहयोग आवश्यक रहेको उल्लेख गरिएको छ।

बिहीबार इथियोपियाली सरकार र उत्तरी इथियोपियाली टिगरेका विद्रोहीका तर्फबाट जारी गरिएको युद्धविरामको अवधिलाई थप लम्ब्याएर यसैबाट शान्ति स्थापनाको बाटो पहिल्याउन पनि सो विज्ञप्तिमा आग्रह गरिएको छ।

# रूसले बेलाइतका राजदूतलाई बोलाए

**एएनआई**

मस्को। ब्ल्याक सीको सेभास्टोपोल बन्दरगाहमा आफ्ना पानीजहाजमाथि युक्रेनीहरूले गरेको हमलामा बेलाइतकोसमेत संलग्नता रहेको भन्दै त्यससम्बन्धमा विरोध जनाउन मस्काले बेलाइतका राजदूतलाई बोलाएर स्पष्टीकरण लिएको छ।

रूसी विदेशमन्त्रालयले बेलाइतका राजदूत डेबोरा ब्रोनर्टलाई बिहीबार मन्त्रालयमा बोलाएर ब्ल्याक सीमा आफ्ना जहाजमाथि गरिएको युक्रनी आक्रमणका निम्ति बेलाइतका फौज विशेषज्ञ परिचालन भएका तथा बेलाइतबाट अन्य सहायतासमेत प्रदान गरिएको सम्बन्धमा स्पष्टीकरण लिएको हो।

बेलाइतले द्वन्द्व बढाउने गतिविधि बढाएकामा मस्कोले आपत्ति जनाउँदै त्यसले अप्रत्याशित जोखिम र परिणाम निम्त्याउने चेतावनी दिएको छ। द्वन्द्वमा प्रत्यक्ष प्रभाव पार्ने आक्रमक कार्य जारी रहेमा त्यसले दुई देशबीचको सम्बन्धमा पनि तनाव सृजना गर्ने बताउँदै विदेश मन्त्रालयले त्यसको जिम्मेवारी बेलाइतको पक्षमा पर्ने विरोधपत्रमा उल्लेख गरेको छ।


बढ्दो वैमनस्यपूर्ण एवम् उत्तेजक गतिविधिप्रति असहमति जनाउँदै क्रेमलिनले त्यस्ता गतिविधि तत्काल बन्द गर्न माग गरेको विदेश मन्त्रालयले ट्वीट गरेको छ।

युक्रेनको नौ सेनाका साथै युक्रेनी सैन्यबलका गोताखोरलाई बेलाइतले तालिम दिएको थियो।

# दक्षिण कोरियामा ४३ हजार भन्दा बढी कोरोनाका नयाँ सङ्क्रमित

**सिन्ह्वा**

सोल । दक्षिण कोरियामा २४ घण्टा अर्थात बिहीबार मध्यरातसम्म ४३ हजार चार सय ४९ जना कोभिड-१९ का नयाँ सङ्क्रमित देखिएका छन् । यसैसँगै कुल सङ्क्रमितको सङ्ख्या २ करोड ५७ लाख ६० हजार सात सय एक पुगेको स्वास्थ्य अधिकारीहरूले शुक्रबार जानकारी दिएका छन्।



दैनिक सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा कम भएका छन्। एक दिनअघि सङ्क्रमितको सङ्ख्या ४६ हजार आठ सय ९६ बाट कम भएर ४३ हजार चार सय ४९ जना भएका कोरिया रोग नियन्त्रण र रोकथाम एजेन्सी बताएको छ।

गम्भीर अवस्थामा रहेका सङ्क्रमितको सङ्ख्या अघिल्लो दिनको तुलनामा १४ ले बढेर ३०४ पुगेको छ । यस सङ्क्रमणको कारण थप ५३ जनाको मृत्युको पुष्टि भएपछि कोरोना शुरु हालसम्म २९ हजार तीन सय १५ जनाको मृत्यु भएको समाचारमा जनाइएको छ।

# चीनले आफ्नो बजार सबै माझ सार्वजनिक गर्ने

बेइजिङ। चिनियाँ राष्ट्राध्यक्ष सी चिन फिङले शुक्रबार प्राप्त अवसरहरू सबैसँग पुर्याउँन चीनले सबै देश र पक्षहरूसँग मिलेर काम गर्ने बताउनुभएको छ।

पाँचौं चिनियाँ अन्तरराष्ट्रिय आयात एक्स्पोको उद्घाटन समारोहलाई भिडियोमार्फत सम्बोधन गर्दै राष्ट्रतपति सीले उक्त टिप्पणी गर्नुभएको हो।

"हामी बलियो घरेलु बजारको विकास गर्ने, वस्तुको व्यापारलाई स्तरोन्नति गर्ने, सेवाको व्यापारका लागि नयाँ संयन्त्रको विकास गर्ने र गुणस्तरीय वस्तुहरू आयात गर्ने प्रयासलाई थप तीव्र पार्नेछौं," सीले भन्नुभयो।

सिल्क रोड ई-कमर्स सहकार्यका लागि पाइलट जोनहरू स्थापना गर्ने र सेवामा व्यापारको नवीन विकासका लागि राष्ट्रिय प्रदर्शन क्षेत्रहरू निर्माण गर्ने, व्यापारमा नवप्रवर्तनलाई प्रोत्साहित गर्न र उच्च गुणस्तरको बेल्ट एण्ड रोड सहकार्यलाई प्रवर्द्धन गर्न प्रयास गरिने पनि उहाँले बताउँनु भएको छ।

# अमेरिकी अर्थतन्त्रले अक्टोबरमा २ लाख ६१ हजार रोजगारी थप्यो




**एएफपी**

वासिङ्टन । अमेरिकी रोजगारी वृद्धिका दृष्टिले अक्टोबर महिनामा अपेक्षा भन्दा थप वृद्धि हासिल गरेको छ।

गत महिना रोजगारीको बजारमा दुई लाख ६१ हजार नयाव कामदारहरू थपिएका छन् । यो आँकडा अर्थशास्त्रीहरूले अनुमान गरेभन्दा धैरै उच्च हो । बजारमा बेरोजगार दर बढिरहेको बेला यस्तो आकँडा सार्वजनिक बएको हो । स्वास्थ्य सेवा, व्यावसायिक र प्राविधिक सेवाहरू र उत्पादनमा उल्लेखनीय रोजगारी प्राप्त भएको प्रतिवेदनले जनाएको छ।

# खोज तथा उद्धार स्थगन

**सिन्ह्वा**

ओटावा। भारतको पश्चिमी राज्य गुजरातका अधिकारीहरूले मोर्बीकोमच्छुनदीमाहराएकाहरूको खोजी स्थगन गरेका छन् । गत आइतबार राति मच्छुनदीको झोलुङ्गे पुल भाँचिदा एक सय ४१ जनाको मृत्यभएको थियो भने कैयौं हराएका थिए । उद्धारकर्ताले गएरातिदेखि खोज स्थगन गरेका हुन्।

नदीबाट एक सय ७७ जनालाई उद्धार गरिएको र कोही पनि हराएको सूचना प्राप्त नभएकाले खोजी स्थगन गरिएको उनीहरूले बताएका छन्। स्थानीय प्रशासनले त्यसलाई पुष्टि गरेको छ। पुल भाँचिदा एक सय जना घाइते भएका थिए। बेलाइतको शासनकालमा शताव्दीअघि निर्मित उक्त पुल सात महिनाको मर्मतसम्भारपछि अघिल्लो साता सञ्चालन गरिएको थियो।

पुलको भारवहन क्षमताभन्दा बढी मानिस त्यहाँ एकत्र भएपछि उक्त दुर्घटना भएको हो। पुलको क्षमताभन्दा पाँच सय जना बढी मानिस दुर्घटनाका बेला पुलमा रहेका विवरणहरू सार्वजनिक भएका छन् । स्वदेशी तथा विदेशी पर्यटकका निम्ति मोर्वी पुल आकर्षक गन्तव्य मानिन्छ।

प्रधानमन्त्री नरेन्द्र मोदीलगायत केन्द्र र राज्य सरकारका उच्च अधिकारी मोर्बी पुगेर दुर्घटनाबारे जानकारी लिएका थिए । विश्वभरकानेताहरूलेउक्तघटनामा मारिएकाहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै भारतसरकारसमक्ष शोक व्यक्त गरेका थिए । गत मङ्गबार दुर्घटनामा मारिएकाको सम्झनामा भारत राजकीय शोकमा थियो।

पुल मर्मतसम्भारको ठेक्का पाएको ओरेभा ग्रुप अजन्ता म्यानुफ्याक्छचरिङ प्राइभेट लिमिटेडका दुई जना प्रबन्धक, ठेकेदारलगायत नौ जना कर्तव्य ज्यान अभियोगमा पक्राउ परेका थिए। यद्यपि उनीहरूमाथि नियतवश ज्यान मार्ने उद्योग गरेको अभियोग भने नलगाइएको बताइएको छ।

# लुटपाट गरेको आरोपमा ढाकामा चार चिनियाँ पक्राउ

**एएनआई**

ढाका । बङ्गलादेशको राजधानी ढाकास्थित उत्तरा उप-नगरबाट ५० लाख टाका (रूपैँया) लुटपाट गरेको आरोपमा चार जना चिनियाँ नागरिकलाई बिहीबार पक्राउ गरिएको छ।

ढाका मेट्रोपोलिटन प्रहरीले चारै जना नागरिकलाई प्रहरी हिरासतमा राखेर सोधपुछ गरिएको जनाएको छ।

चिनियाँ नागरिक ली वेन जिङ र उनका बङ्गलादेशी पति शाह जहाँगीरको सम्लग्नता रहेको हुनसक्ने प्रहरीले बताएको छ। यो दम्पतीले उत्तरा ३ नं.सेक्टरअन्तर्गत रोड ८ मा रेष्टुरेन्ट सञ्चालन गर्दै आएका छन्।

जहाँगीरकी पत्नी ली वेन जिङले आफ्नो रेष्टुरेन्टका लागि चिनियाँ सामान आपूर्ति गरेबापत चेन योङ नाम गरेका व्यक्तिलाई ५० लाख बङ्गलादेशी टाका दिन तयार भएको बताएकी छन्। तर उत्तराको पश्चिमी प्रहरी स्टेशनमा दर्ता गरिएको मुद्दाअनुसार उनले अर्का चिनियाँ नागरिक जिलिनमार्फत यो सम्झौता गरेकी बताइएको छ।

बुधबार साँझ जिलिन ली वेन जिङको रेष्टुरेन्टमा चेन योङलाई ५० लाख रुपैयाँ दिन पर्खिरहे पनि चेन याङ आउन ढिला गरेको र सोही दिन निकै पछि एक महिलासहित केही चिनियाँ नागरिकहरू चेन याङ प्रतिनिधिको नाममा रेस्टुरेन्टमा आएका थिए।

***ढाका मेट्रोपोलिटन प्रहरीले चारै जना नागरिकलाई प्रहरी हिरासतमा राखेर सोधपुछ गरिएको जनाएको छ। चिनियाँ नागरिक ली वेन जिङ र उनका बङ्गलादेशी पति शाह जहाँगीरको सम्लगनता रहेको हुनसक्ने प्रहरीले बताएको छ।***

उनीहरूले जिलिनलाई चेन याङले ५० लाख टाका जम्मा गर्न पठाएको बताएका थिए । जिलिनले चेन याङको उपस्थिति बिना पैसा दिन इन्कार गरेपनि उनीहरूले पैसा लिएर गएको बताइएको छ।

ढाका महानगर प्रहरी (डीएमपी) का उत्तरा डिभिजनका उपआयुक्त मोर्शेद आलमले राष्ट्रिय बङ्गला दैनिक समकललाई बताएअनुसार शहरको बारिधारा र उत्तरा क्षेत्रमा छापा मारेर चार जना चिनियाँ नागरिकलाई पक्राउ गरि अनुसन्धानका लागि सुरक्षा नियन्त्रणमा लिइएको छ।

# सभामुखका श्रीमान् अस्पतालबाट घर फर्किए

**सिन्ह्वा**

वासिङ्टन । अमेरिकी तल्लो सदनका सभामुख न्यान्सी पेलोसीका ८२ वर्षीय श्रीमान् स्वास्थ्यलाभ गरी घर फर्केका छन्।

क्यालिफोर्नियाको सान फ्रान्सिस्कोस्थित पेलेसी निवासमा गत शुक्रबार बिहान पसेको एक जना आक्रमणकारीले ८२ वर्षीय पल पेलोसीको टाउकोमा हथौडी प्रहार गरेर गम्भीर घाइते बनाएको थियो।

टाउको र हातमा गम्भीर चोट लागेका उनलाई जुकरवर्ग सान फ्रान्सिस्को जनरल अस्पताल भर्ना गरिएको थियो । चिकित्सकहरूले उनको शल्यक्रिया सफलतापूर्वक गरेका थिए । उनीहरूले घर फर्काइएका पललाई 'पूर्णरूपमा आराम हुने' जानकारी दिएका सभामुख पेलोसीका प्रवक्ताले बताएका छन् । पलले चिकित्सकलगायत उनको उपचारमा संलग्न सबैप्रति हार्दिक आभार व्यक्त गरेका छन्।



आक्रमणकारी डेभिड पेलाई हिरासतमा लिएर अनुसन्धान गरिएको थियो। बयालीस वर्षीय अभियुक्त माथि अपहरणको मुद्दा चलाइने सरकारी अधिकारीहरूले बताएका छन् । उनीमाथिको अपराध पुष्टि भएमा २० वर्षको काराबासको सजाय हुनेछ । अभियुक्तले त्यसअघि पनि अर्का एकजना सरकारी अधिकारीमाथि पनि आक्रमण गरेकाले त्यो पनि प्रमाणित भएमा निजले ३० वर्ष जेलमा बिताउनुपर्नेछ।

यसैबीच सभामुख पेलोसीले आफ्नो परिवारप्रति स्नेह र सद्भाव प्रस्तुत गरेका अमेरिकी नेतृत्व गण, नागरिकका साथै विश्वका अन्य देशका राजनीतिक व्यक्तित्व एवम् सर्वसाधारणमा कृतज्ञता ज्ञापन गर्नुभएको भएको छ।

# कर्णालीमा खाद्य मापन प्रयोगशाला सञ्चालनमा




सुर्खेत । कर्णाली प्रदेशमा पहिलोपटक खाद्यान्न तथा दुग्ध मापन प्रयोगशाला सञ्चालनमा आएको छ । खाद्य तथा अन्य दैनिक उपभोग्य वस्तुको गुणस्तर मापनका लागि नमूना परीक्षण कर्णालीमै गर्न सुर्खेतमा प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइएको हो ।

हालसम्म प्रयोगशाला नहुँदा काठमाण्डु पठाउनुपर्ने बाध्यता थियो । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले गत जेठदेखि प्रयोगशाला सञ्चालनमा ल्याएको हो । कार्यालयका निमित्त प्रमुख भेषबहादुर थापाले कर्णालीमै पहिलोपटक ल्याब स्थापनापछि खाद्य गुणस्तर मापनमा सहज भएको र उपभोक्ताको विश्वस्नीयता पनि बढेको जानकारी दिनुभयो ।

"हामीले कर्णालीमै पहिलोपटक खाद्य वस्तुको गुणस्तर मापनका लागि ल्याब स्थापना गरेका छौँ", उहाँले भन्नुभयो, "अहिलेसम्म हामीले दूध, तेल, सागपातलगायतका ९६ वटा नमूना परीक्षण गरिसकेका छौँ, यसले नागरिकको गुणस्तरीय खाद्यान्न प्रयोग गर्न पाउने अधिकारलाई सुनिश्चित गरेको छ ।"

प्रयोगशाला स्थापनापछि खाद्यान्नप्रतिको नागरिकको गुनासो सम्बोधन हुँदै गएको उहाँले बताउनुभयो । प्रयोगशालामा पर्याप्त जनशक्तिको अभाव देखिएको छ । ल्याब मात्र चलाउने नभई कार्यालयमा २१ जनाको दरबन्दी भएको उल्लेख गर्दै उहाँले अहिले आठ जनामात्रै कर्मचारी रहेको जानकारी दिनुभयो । "कर्मचारी अभावमा हामीलाई सेवा दिन असहज भइरहेको छ, यो समस्या चाँडै समस्या हुनुपर्छ ।"

कार्यालयले बजार अनुगमनलाई पनि तीव्रता दिएको छ । साउनदेखि असोजसम्म दुई सय ४८ पटक बजार अनुगमन गरिएको र मापदण्ड बाहिर रहेका तीनवटा दलहन उद्योग शिलबन्दी गरिएको छ । अहिले कार्यालयलाई प्रदेशभर हेर्ने जिम्मेवारी दिइएको भए पनि भौगलिक विकता, सीमित स्रोत, साधन र कर्मचारी अभावका कारण काम गर्न चुनौती रहेको थापाले बताउनुभयो ।

करिब ४१ प्रतिशत त्रैमासिक प्रगति

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय सुर्खेतले आफ्नो तीन महिनाको प्रगति सार्वजनिक गरेको छ । बिहीबार कर्णाली प्रदेशको राजधानी सुर्खेतमा त्रैमासिक समीक्षा गर्दै आफ्नो तीन महिनाको प्रगति सार्वजनिक गरेको हो । जसअन्तर्गत कार्यालयले ४०.६७ प्रतिशत लक्ष्य पूरा गरेको जनाएको छ । कार्यालयका निमित्त प्रमुख थापाले कार्यालयले ४०.६७ प्रतिशत भौतिक प्रगति र ५६.६८ प्रतिशत वित्तीय प्रगति गरेको जानकारी दिनुभयो ।

यता माथिल्लो कर्णालीका तीन जिल्ला हेरिरहेको जुम्ला कार्यालयका प्रमुख डा ईश्वर सुवेदीले तीन महिनामा जुम्ला कार्यालयले ७५ प्रतिशत लक्ष्य पूरा गरेको बताउनुभयो । त्यसैगरी ५६.४८ प्रतिशत वित्तीय प्रगति भएको उहाँको भनाइ छ । कार्यक्रममा बोल्दै सुर्खेतका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले पानी, दूध र तेलमा उपभोक्ता ठगी हुने गरेको भन्दै यसतर्फ अनुगमनलाई बढाउन सुझाव दिनुभयो ।

उहाँले विशेषगरी आम उपभोक्तालाई आफूले खाने खाद्यवस्तुको गुणस्तरका बारेमा जानकारी गराउनुपर्नेमा जोड दिनुभयो । कार्यक्रममा नागरिक समाजका अगुवा पिताम्बर ढकालले उपभोक्ताको हितका लागि कार्यालयले राम्रो काम गरेको भन्दै आगामी दिनमा अझै अनुगमन तथा गुणस्तर मापनलाई जोड दिनुपर्ने बताउनुभयो ।रासस

# वैदेशिक रोजगारीमा रहेकालाई आइपिओमा आरक्षण




काठमाण्डु । के तपाईं वैदेशिक रोजगारीमा हुनुहुन्छ ? आफूले कमाएको पैसा भविष्यका लागि पनि बचत होस् र त्यसबाट प्रतिफल पनि प्राप्त होस् भन्ने चाहनुहुन्छ ? यदि त्यसो हो भने तपाईंका लागि सहज हुने भएको छ ।

नेपाल धितोपत्र बोर्डले वैदेशिक रोजगारीमा रहेकालाई समेत शेयर बजारमा प्रवेश गराउने उद्देश्यका साथ 'धितोपत्र निष्काशन तथा बाँडफाँट (छैटौं संशोधन) निर्देशिका, २०७९' लागू गरेको छ ।

बोर्डले वैदेशिक रोजगारीमा रहेकालाई कुनै साधारण शेयर (आइपिओ)मा सहजै लगानी गर्न सकून भन्ने उद्देश्यका साथ आरक्षणको व्यवस्था गरेको हो । यो व्यवस्था तत्कालदेखि लागू हुनेछ । विप्रेषण औपचारिक माध्यमबाट नेपाल पठाउन प्रेरित गर्ने उद्देश्यले आइपीओमा आरक्षणको व्यवस्था गरिएको हो । नेपालमा पछिल्लो समय विदेशी मुद्रा सञ्चितिको अभाव हुँदै जाँदा वैदेशिक रोजगारीमा गएका श्रमिकका लागि आइपीओमा आरक्षणको व्यवस्था गर्न सकियो भने औपचारिक प्रणालीबाट आउने विप्रेषण बढ्ने अनुमान गरिएको छ ।

विप्रेषणबाट प्राप्त भएको पैसा उपभोग्य वस्तुको खरिदमा मात्रै प्रयोग हुने र जताबाट आएको हो उतै जान थालेपछि सरकारले यो व्यवस्था गरिएको हो । विप्रेषणबाट प्राप्त भएको पैसा उत्पादनमूलक क्षेत्रमा प्रयोग होस् र मुलुकको अर्थतन्त्र निर्माणमा प्रयोग होस् भन्ने उद्देश्यका साथ अर्थमन्त्रालयको पहलमा बोर्डले त्यस्तो प्रबन्ध गरेको हो ।

नयाँ व्यवस्थाअनुसार विदेशमा बसी रोजगारीमा रहेका नेपालीलाई शेयर निष्काशनमा सहभागी गराउनुपर्नेछ । सङ्गठित संस्थाले सर्वसाधारणलाई प्रारम्भिक निष्काशन गर्नुअगावै सार्वजनिक निष्काशन गरिने शेयरको १० प्रतिशत नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगारीमा रहेका नेपालीका लागि अनिवार्यरुपमा छुट्याउनुपर्नेछ ।

सेयरमा आवेदन दिँदा आस्वा सदस्य बैंक तथा वित्तीय संस्थामा रहेको विप्रेषण खातामार्फत् भुक्तानी गर्नुपर्नेछ । शेयर निष्काशन तथा बिक्री प्रबन्धकले सर्वसाधारणका लागि निष्काशन गर्नुअगावै १५ दिनको अवधि तोकी आह्वानपत्र सार्वजनिक गर्नुपर्ने प्रावधान बोर्डले राखेको छ ।

सेयरमा आवेदन दिँदा विप्रेषण बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा रु ५० हजार बराबरको नेपाली रुपैयाँ सम्बन्धित व्यक्तिले जम्मा गरेको हुनुपर्नेछ । विदेशमा रोजगारीमा रहेका नेपाली नागरिकले हितग्राही खाता खोल्दा विद्युतीय माध्यमबाट समेत ग्राहक पहिचान विवरण रुजु गरी हितग्राही खाता खोल्न सक्नेछन् । बैंक तथा वित्तीय संस्थाले विद्युतीय माध्यमबाटै ग्राहकलाई सिआरएन नम्बरसमेत उपलब्ध गराउनुपर्नेछ ।

नेपाल राष्ट्र बैंकको विवरणअनुसार चालू आर्थिक वर्षको दोस्रो महिना अर्थात् भदौको अन्त्यसम्म रु एक खर्ब ८७ अर्ब चार करोड बराबरको विप्रेषण भित्रिएको छ । चालू आवको दोस्रो महिनासम्मको विवरणअनुसार विप्रेषण आप्रवाह १९ दशमलव आठ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह पाँच दशमवल आठ प्रतिशतले घटेको थियो ।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह ११ दशमलव तीन प्रतिशतले वृद्धि भई रु एक अर्ब ४७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह पाँच दशमलव तीन प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या एक सय ७० प्रतिशतले वृद्धि भई एक लाख तीन हजार आठ सय ९८ पुगेको छ ।रासस

# ब्याजदर वृद्धि विरुद्ध उद्योगी व्यवसायीको साङ्केतिक प्रदर्शन




काठमाण्डु । बैंकहरुले ब्याजदर वृद्धि गरेको विरोधमा उद्योग व्यवसायीले शुक्रबार यहाँ प्रदर्शन गरेका छन् ।

ब्याजदरमा स्थायित्व हुनुपर्ने, सहजरुपमा ऋण नवीकरण गर्न पाउनुपर्ने, आधारदरका कारण बढेको प्रिमियम घटाउनुपर्ने, बैंक तथा वित्तीय संस्थाले लिइरहेको सेवाशुल्क घटाउने तथा अतिरिक्त शुल्क लिन नपाउनेलगायतका माग राख्दै उनीहरुले प्रदर्शन गरेका हुन् ।

ब्याजदर वृद्धिलगायत विभिन्न कारणले उद्योग व्यवसायको लागत बढेको भन्दै उद्योगी व्यवसायीहरुले सम्बन्धित निकायको ध्यानाकर्षणका लागि माइतीघर मण्डलामा प्रदर्शन गरेको नेपाल उद्योग वाणिज्य महासङ्घका उपाध्यक्ष दिनेश श्रेष्ठले बताउनुभयो ।

"बैंकको ब्याजदर वृद्धि उद्योगी व्यवसायीले खप्नै नसक्ने अवस्था भयो । सरकार र सम्बन्धित निकायको ध्यानाकर्षणका लागि विरोध कार्यक्रम गरेका हौँ", उपाध्यक्ष श्रेष्ठले भन्नुभयो, "समस्यामा परेका उद्योगी व्यवसायी स्वतःस्फूर्तरुपमा विरोध कार्यक्रममा आएका छन् । सम्बन्धित निकायको ध्यानाकर्षण हुन्छ भन्ने आशा छ ।"


शुक्रबारको साङ्केतिक विरोध कार्यक्रममा विभिन्न प्रदेश तथा जिल्ला सङ्घ, वस्तुगत सङ्घ सहभागी भएको उपाध्यक्ष श्रेष्ठले बताउनुभयो । विरोध कार्यक्रमको निरन्तरताका रुपमा आइतबारदेखि विभिन्न जिल्लामा उद्योग व्यवसाय बन्द गर्ने तयारी रहेको उहाँको भनाइ छ ।

प्रदर्शनमा उद्योगी व्यवसायीले 'बैंक हामीलाई प्यारो छ, ब्याजदर वृद्धिले हामीलाई गाह्रो छ' 'ब्याजदर चर्को भो, गरिखान गाह्रो भो', 'उद्योग व्यापार नबचे अर्थतन्त्र बच्दैन' जस्ता नारा लेखिएका ब्यानर बोकेका थिए ।

वित्तीय क्षेत्रका समस्या समाधान गर्न भन्दै महासङ्घका प्रतिनिधिले अघिल्लो साता नेपाल राष्ट्र बैंकलाई ध्यानाकर्षण पत्र बुझाएको थियो । अर्थतन्त्रमा आन्तरिक र बाह्य कारणले असर पारिरहेकाले तरलता व्यवस्थापनमा समस्या, ब्याजदरमा स्थायित्व, बाह्य क्षेत्र व्यवस्थापन र मूल्य स्थिरताका लागि राष्ट्र बैंकले पहल गर्नुपर्ने उद्योगी व्यवसायीको माग छ ।

त्यस्तै चालू पूँजी निर्देशिकामा भएको संशोधन कार्यान्वयन गर्न नहुने, कर्जाको साँवाब्याज भुक्तानीका लागि थप समय पाउनुपर्ने, कर्जा-निक्षेप अनुपात (सिडी रेसियो) संशोधनबारे विस्तृत अध्ययन गर्नुपर्ने, पुँजीगत खर्च बढाउन पहल गर्नुपर्ने, स्थानीय तहको निक्षेपलाई शतप्रतिशत गणना गर्न पाउनुपर्ने लगायतमा माग उद्योगी व्यवसायीले राख्दै आएका छन् ।रासस

# सरकारी जागिरसँगै फूल खेती



बेदकोट । कञ्चनपुर भीमदत्त नगरपालिका-१० तिलकेनीमा जनकबहादुर सिंहको बारी सयपत्री फूलले ढकमक्क छ । ढकमक्क फूलबारीमा सिंहको दैनिकी व्यस्त बनेको छ ।

तिहार सकिएसँगै सुरु भएको चुनावको माहोलमा फूलको माला बनाउन र बिक्री गर्नमा सिंहको व्यस्तता बढेको हो । चुनावको तयारीमा माला र फूल खरिदका लागि मानिसहरु सिंहको फूलबारीसम्म पुग्ने गरेका छन् ।

बझाङ तलकोटका सिंह र अन्य तीन जना युवा मिलेर तिलकेनीमा दुई बिघा जमिन भाडामा लिएर व्यावसायिक फूल खेती गर्दै आएका छन् । सिंह कृषि ज्ञान केन्द्र कञ्चनपुरमा प्राविधिकका रुपमा कार्यरत हुनुहुन्छ । उहाँसँगै बागबानी विकास अधिकृत आशीष पाठक, बाली विकास अधिकृत जागृत खनाल र कृषि प्रसार अधिकृत कमलनयन पन्त सरकारी जागिरसँगै व्यावसायिक फूल खेतीमा आबद्ध हुनुहुन्छ ।

"लकडाउनमा गाडीमा तरकारी बेच्ने काम गरियो, यसपटक साथीहरु मिलेर फूल खेती गर्ने सोच बनायौँ", जनकबहादुर सिंहले भन्नुभयो, "जमिन भाडामा लिएर फूल लगाएपछि केही सिकाइ पनि भयो, अब फूल खेतीमा राम्रो भविष्य छ भन्ने लागेको छ ।"

करिब रु पाँच लाख लगानीमा केही बेर्ना चितवनबाट ल्याएको र केही आफै उत्पादन गरी फूल खेती सुरु गरिएको उहाँको भनाइ छ ।

"सयपत्रीमध्ये पनि चार/पाँच जातको फूल खेती गरेका छौँ, फूलको माग धेरै छ, तिहारमा पूर्ति गर्न सकेनौँ", उहाँले भन्नुभयो, "चुनावका लागि भने फूल तयार भइसकेको छ ।"

एउटा बोटबाट दुई वटा माला बनाउनका लागि पुग्ने फूल उत्पादन भइरहेको बाली विकास अधिकृत जागृत खनालले बताउनुभयो । उहाँले अब बाह्रै महिना फूल उत्पादन गर्ने गरी तयारी गरिरहेको बताउनुभयो ।

चुनावमा उम्मेदवारीको प्रचारप्रसार तथा विजय ऱ्यालीसम्म ठूलो मात्रामा फूलमाला खपत हुँदै आएको छ । "प्रतिकिलो रु पाँच सयका दरले र प्रतिमाला रु एक सयका दरले बिक्री गरिरहेका छौँ", उहाँले भन्नुभयो, "एक किलो फूलबाट पाँचदेखि सात वटासम्म माला बनाउन सकिन्छ ।"

समयमा सिँचाइसँगै चिसोबाट बचाउन सके बेमौसममा पनि फूल उत्पादन गर्न सकिने बागबानी विकास अधिकृतसमेत रहेका पुष्प व्यवसायी आशीष पाठकले बताउनुभयो । "पुष्प व्यवसाय राम्रो छ, अझै बजारलाई व्यवस्थित गर्नसके धेरै युवा स्वदेशमै यो पेशा अँगाल्न सक्थे", पाठकले भन्नुभयो ।रासस

# अम्रिसो उत्पादनमा वृद्धि, उचित मूल्य नपाउँदा कृषक मर्कामा

उदयपुर । उदयपुरको मध्यपूर्वी पहाडी क्षेत्रमा केही वर्षयता कृषकले अम्रिसो उत्पादनमा जोड दिएका छन् । उनीहरूले पर्याप्त मात्रामा अम्रिसो उत्पादन गर्दैआएका छन् । अम्रिसोको कुचोले उचित मूल्य नपाउँदा भने कृषक मर्कामा परेका छन् ।

त्रियुगा नगरपालिकाका साउने, खाँबु, रौता, मलबासे, मुर्कुची, क्षेत्रका कृषकले व्यावसायिकरूपमा अम्रिसो उत्पादन गर्दैआएका छन् । उनीहरूले बर्सेनि अम्रिसो उत्पदान बढाउँदै लगेका छन् । कुचोको उचित मूल्य प्राप्त गर्न नसक्दा आफूहरू मर्कामा परेको त्रियुगा नगरपालिका-१४ साउनेका देवराज लुङ्गेली मगर बताउनुहुन्छ । "लामो समयदेखि अम्रिसो खेती गरी कुचो बनाउँदै आएका छौँ, तर उचित मूल्य पाउन सकेका छैनौँ", उहाँले भन्नुभयो ।

रौतामाई गाउँपालिका मुर्कुचीका लोकबहादुर पुलामी पनि अम्रिसोको कुचोले उचि मूल्य पाउन नसकेको गुनासो गर्नुहुन्छ । "सात वर्षदेखि अम्रिसो उत्पादन गर्दैआएको छु, मूल्य भने कहिल्यै बढेन", उहाँले भन्नुभयो । पुलामीका अनुसार सात वर्षदेखि अम्रिसोको कुचो खरिदकर्ताले प्रतिकुचो न्यूनतम रु ४० र अधिकतम् रु ५० सम्ममा मात्र खरिद गर्दैआएका छन् । बजारमा व्यापारीले प्रतिकुचो रु ८० देखि रु एक सयका दरले बिक्री गर्दैआएका छन् ।

यस क्षेत्रमा उत्पादन हुने अम्रिसोको कुचो सदरमुकाम गाईघाटका खरिदकर्ताले जिल्ला बाहिर सप्तरी, सिरहा, राजविराज, धनुषा, सर्लाही, इटहरी र विराटनगरसम्म लगेर बिक्री गर्ने गरेका छन् । अम्रिसोको कुचोले उचित मूल्य प्राप्त गर्न नक्दा घाटा सहनु परेको उदयपुरगढी डुम्रेका खगेन्द्र राउत बताउनुहुन्छ । "खरिदकर्ताले सस्तोमा किन्ने गर्छन्, दोब्बर मूल्यमा अरुलाई बिक्री गर्छन्", उहाँले भन्नुभयो ।

गाईघाटका व्यापारी सुरेन्द्र साह बाहिरी जिल्लामा बिक्री गर्न लैजाँदा ढुवानी भाडाका कारण कुचो महङ्गो हुने गरेको बताउनुहुन्छ । बेलका नगरपालिकाको पहाडी क्षेत्रको बबला, मैनामैनी, चौदण्डीगढी नगपालिकाको चौदण्डी, सिद्धिपुर क्षेत्रमा अम्रिसो खेती हुँदै आएको छ ।

यस्तै त्रियुगा नगरपालिकाको साउने, खाँबु, रौतामाई गाउँपालिकाको मुर्कुची, पोखरे, सल्ले, भुटारसहित उदयपुरगढीको भलायाडाँडा, डुम्रे क्षेत्रमा पर्याप्त मात्रामा अम्रिसो उत्पादन हुँदै आएको छ ।रासस

# सयपत्री बिक्री गरेरै आठ लाख आम्दानी



वालिङ । स्याङ्जाको कालीगण्डकी गाउँपालिकाबाट तिहारको अवधिमामात्रै रु आठ लाख बढीको सयपत्रीको फूलमाला बिक्री भएको छ ।

गाउँपालिकाले १५ रोपनी र स्थानीय किसान तथा समूहले ३५ रोपनीमा उत्पादन गरेको सयपत्री फूलका थुङ्गा तथा माला बिक्रीबाट गाउँपालिका र स्थानीय समूह तथा कृषकले आम्दानी लिन सफल भएका हुन् । तिहारलाई लक्षित गरी उत्पादन गरिएको फूल गाउँपालिकाले प्रतिकिलो रु दुई सय ५० र कृषक तथा समूहले प्रतिकिलो रु तीन सयका दरले बिक्री गरेको गाउँपालिकाका कृषि अधिकृत अनुप पौडेलले बताउनुभयो ।

"किसान तथा समूहले फूलका थुङ्गाका अलावा मालासमेत बनाएर बिक्री गरे", उहाँले भन्नुभयो, "तिहारको अवधिमा किसान तथा समूहद्वारा प्रतिमाला रु ८० देखि रु एक सयका दरले बिक्री भयो ।" यहाँ उत्पादन भएको फूल तथा माला स्थानीय बजारमै अत्यधिक खपत भएको थियो । स्थानीय बजारसँगै बुटवल, पोखरा, काठमाडौं, दाङ, नवलपुरलगायत ठाउँमा समेत माला खपत भएको पौडेलले बताउनुभयो ।

तिहारको अवधिमा सयपत्री फूलको माग विगतका वर्षका तुलनामा यसपाली बढेको थियो । व्यापारीले यहीँ आएर फूल खरिद गरेर लगेका थिए । "फूल पहिलो चरणको बिक्री भएर सकियो", उहाँले भन्नुभयो, "दोस्रो चरणमा अहिले फेरि फूल उत्पादन भइसकेको छ, यो फूल विवाह, व्रतबन्धलगायतमा बिक्री गर्छौं । साउनमा लगाइएको बोटबाट चैतसम्म उत्पादन लिन सकिन्छ ।"

फूलखेतीका माध्यमबाट स्थानीयवासीलाई रोजगारी दिई आर्थिकलाभ लिने उद्देश्यसहित गाउँपालिकाले गत वर्ष आफैँले फूलखेती गरेको थियो । यस वर्ष किसानलाई ५० प्रतिशत अनुदान दिएर फूलखेतीतर्फ आकर्षित गरेको हो । गाउँपालिकाले वडा नं ४ को बिर्घा पुछारमा करिब १५ रोपनी क्षेत्रफलमा व्यावसायिक फूलखेती गर्नका लागि नर्सरी स्थापना गरेको थियो ।

गाउँपालिकाले व्यावसायिकरूपमा फूलखेती गर्नका लागि नर्सरी राखेको बिर्घा पुछारमा पालिकाका सबै वडाबाट छनोट भई आएका कृषक समूह तथा कृषकलाई प्राविधिक ज्ञान दिएको थियो । खनजोतदेखि फूल उत्पादन हुँदासम्मका लागि गाउँपालिकाले प्रतिरोपनी रु नौ हजारका दरले अनुदान उपलब्ध गराएको थियो । गत वर्ष गाउँपालिकाले परीक्षणका रूपमा थालेको फूलखेतीको उत्पादन तथा बजारीकरण राम्रो भई मनग्य आम्दानी गरेपछि यस वर्षबाट कृषकलाई आकर्षित गर्न अनुदान उपलब्ध गराएको हो ।

पालिकाका सातवटै वडाका तीन महिला समूह, एक घरबास (होमस्टे) र १० कृषक गरी १४ समूह तथा व्यक्ति छनोट भएका हुन् । कृषक समूह तथा व्यक्तिले कम्तीमा पनि दुई रोपनीदेखि पाँच रोपनी जग्गामा व्यावसायिक फूलखेती गरेका छन् । गाउँपालिकाले यस वर्ष सयपत्री कर्मा ५५५ जातको बीउ लगाएको छ । एउटा बोटबाट चार सय वटासम्म फूलका थुङ्गा उत्पादन हुन्छन् ।

फूलको व्यावसायिक उत्पादन गर्न सकेको खण्डमा आर्थिक उपार्जन गर्न सकिने, खेर गइरहेको जमिनको सही सदुपयोग हुने, फूलको माध्यमबाट पालिकाको पहिचान स्थापित गर्न सकिनुका साथै यहाँको पर्यटन प्रवर्द्धनमा समेत सहयोग पुग्ने विश्वास गाउँपालिकाको छ । फूल उत्पादन हुने क्रम आगामी चैतसम्म हुने भएकाले बिक्री गरी थप आम्दानी लिन सकिन्छ । यहाँ व्यावसायिक फूलखेती थालेका किसानले तिहारको अवधिमा मात्रै न्यूनतम रु ३० हजारदेखि अधिकृतम रु ७०-८० हजारसम्म आम्दानी गरेका छन् ।

कालीगण्कडी गाउँपालिका-६ कुणादीका चिन्तामणि अधिकारीले तिहारमा मात्रै सयपत्री फूल बिक्रीबाट रु ६० हजार आम्दानी गर्नुभयो । पहिलोपटक परीक्षणका रूपमा दुई रोपनीमा फूलखेती गर्नुभएका अधिकारीले तिहारको अवधिमा मात्रै फूल तथा माला बिक्री गरी मनग्य आम्दानी गर्नुभएको हो ।

"तिहारको अवधिमा मात्रै करिब दुई हजार मालाको माग थियो", उहाँले भन्नुभयो, "मालाको माग अत्यधिक थियो तर पर्याप्त फूल थिएन र माग भएबमोजिम उपलब्ध गराउन सकेनौँ ।" तिहारको समयमा सयपत्री माला तथा फूलको घरमै छोपाछोप भएको उहाँले बताउनुभयो । उत्पादित फूलको ८० प्रतिशत माला बनाएर प्रतिमाला फुटकर रु एक सय र होलसेलमा रु ९० मा बिक्री भएको उहाँ बताउनुहुन्छ । तिहारमा उत्पादन भएजति फूल फेरि पनि बोटमा उत्पादन भएकाले आम्दानी अझै वृद्धि हुने व्यवसायी अधिकारीले बताउनुभयो ।

"विभिन्न जातका गेडागुडी लगाउने गरेको जमिनमा यस वर्ष गाउँपालिकाको सहयोगमा पहिलोपटक सयपत्री फूल लगाएँ", उहाँले भन्नुभयो, "फूलबाट राम्रै आम्दानी भयो, बाँदरबाट पनि समस्या भएन, अबका दिन अझै क्षेत्र विस्तार गरी फूलखेतीलाई निरन्तरता दिने सोचमा छु ।"रासस

# सप्तरी दुईमा सीके, उपेन्द्र र ठाकुर घरदैलोमा व्यस्त

**टुडे समाचारदाता**

राजविराज । मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनको तिथि नजिकिदै जाँदा सप्तरीमा मत आ-आफ्नो पक्षमा पार्न राजनीतिक दल र तीनका उम्मेदवार प्रचार प्रसार र घरदैलो कार्यलाई तीव्र बनाएका छन्।

दशैं, तिहार र छठ पर्व सकिएपछि मतदातालाई भेट्न उम्मेदवारहरु प्रचार प्रसार सामग्रीसहित घरदैलो कार्यलाई तीव्र बनाएका छन्।

सप्तरीमा प्रतिनिधिसभा तर्फ चार र प्रदेशसभा तर्फ ८ निर्वाचन क्षेत्र छ। तर, सर्वाधिक चर्चाको विषय बनेको छ प्रतिनिधिसभा क्षेत्र नं. २। यहाँ प्रतिनिधिसभा सदस्यमा सत्तागठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का जयप्रकाश ठाकुर, जसपा-एमाले गठबन्धनबाट जसपाका राष्ट्रिय अध्यक्ष उपेन्द्र यादव तथा जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउतसहित १८ जना उम्मेदबार चुनावी मैदानमा छन्। तर मुख्य प्रतिस्पर्धा मुख्य दलका यिनै तीनजना बीच हुने भएको छ।

९५ हजार ३ सय ४४ मतदाता रहेको यस क्षेत्रबाट २०७४ को निर्वाचनमा तत्कालीन राजपा हालको लोसपाका साथै नेपाली कांग्रेस समेतको साथ पाएर उपेन्द्रले चुनाव जितेका थिए। तर यस पटक उपेन्द्रले ती दुबै पार्टीको साथ गुमाएको छ। अर्कोतिर अर्का प्रभावशाली नेता जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. राउतको उम्मेदवारीले पनि उनलाई चुनौती थपिएको छ।

यादव र राउत दुबै महदेवा गाउँपालिका-२ का मतदाता छन्। एउटै वडाका दुई प्रभावशाली नेताले एउटै निर्वाचन क्षेत्र रोजेपछि यहाँको चुनावी प्रतिस्पर्धा झन रोचक बनेको छ। जिल्ला सदरमुकाम राजविराज नगरपालिकासहितको महत्वपूर्ण क्षेत्र भएकाले यो क्षेत्रमा सबैको चासो अन्य क्षेत्रको तुलनामा बढी नै देखिएको छ।

यहाँबाट कसले बाजी मार्ला ? भन्ने बारे दिनहुँ बहस हुने गरेको छ। चिया गफमा समेत ठाकुर, यादव र डा. राउत नै मुख्य विषय बनिरहेका छन्। कतिपय मतदाताले जनमत पार्टीका अध्यक्ष डा. राउत र जसपा अध्यक्ष उपेन्द्र दुबै जना एउटै क्षेत्रबाट लड्न नहुने तर्क पनि राख्दै आएका छन्। दुबै जनाले यही क्षेत्रमा तयारी गरेका कारण नयाँ क्षेत्रमा जान नचाहेको निकटस्थहरु बताउँछन्।



अघिल्लो निर्वाचनमा ताजै रहेको मलेठ घटना, मधेश आन्दोलनको रापताप तथा कांग्रेस र तत्कालीन राजपाका साथका कारण फराकिलो जित हात पारेका उपेन्द्रलाई उस्तै नतिजा दोहर्‍याउन यसपाली कठिन देखिन्छ।

पुरानो सहयात्रीको साथ छुट्नु र नयाँ चुनौतीका बीच उनी जित दोहर्‍याउने दाउमा छन्। यद्यपि हाल सम्म यस क्षेत्रमा सासंद दोहोरिएको इतिहास छैन। यहाँ सत्तारुढ गठबन्धनका साझा उम्मेदवार ठाकुर र जनमत पार्टीका अध्यक्ष समेत रहेका डा.राउतको पनि अहिले बलियो उपस्थिति देखिन्छ। स्थानीयतह निर्वाचनको मत परिणालाई आधार मान्दा सत्तारुढ गठबन्धनका उम्मेदवार ठाकुर, उपेन्द्र र डा.राउत भन्दा निकै बलियो देखिन्छ।

स्थानीयतहको निर्वाचनमा जसपा र एमालेले पाएको मत जोडदा १९ हजार ७५ पुग्छ। जबकी सत्तारुढ गठबन्धनको मत ३७ हजार ३ सय ७३ पुग्छ। जनमतले भने स्थानीयतहको निर्वाचनमा यस क्षेत्रबाट ३ हजार २ सय ७१ मत प्राप्त गरेको थियो। जनमतको सांगठनिक मत कमजोर देखिए पनि डा.राउतको व्यक्तिगत छवि र बढ्दो लोकप्रियताले जित निकाल्ने एक थरिको भनाइ छ भने अर्को थरिले सत्तारुढ गठबन्धन एक ढिक्का भएको दाबी गर्दै स्थानीयतहको निर्वाचनमा प्राप्त मतको आधारमा ठाकुरको जित सुनिश्चित भएको दाबी गरिरहेका छन्।

स्थानीयतह निर्वाचनमा देखिएको नतिजा संसदीय चुनावनमा पनि दोहरिने हो की ? भन्ने दवावमा रहेका जसपा अध्यक्ष उपेन्द्र अहिले दौडधुप निकै बढाएका छन्। यस क्षेत्रमा राजविराज नगरपालिकाका साथै महादेवा, तिलाठी कोइलाडी र छिन्नमस्ता गाउँपालिका गरी ४ पालिका पर्दछ। जस मध्ये २ मा लोसपा र १/१ पालिकाको प्रमुखमा कांग्रेस र जसपाले जितेका छन्।

संसदीय चुनावमा जित दोहर्‍याउने दबावमा रहेका उपेन्द्र आफूले गरेको विकास निर्माण कार्यलाई प्रमुख चुनावी मुद्दा बनाएका छन्। आफ्नो कोही प्रतिस्पर्धी नै नभएको दाबी गर्दै आएका उनी भन्छन-'५ वर्षमा विकास निर्माणका धैरे आधारहरु खडा गरेका छौ, त्यसैले जनताले फेरि पनि मलाइ नै चुन्ने छन्।'

उनले आफ्नो कार्यकालमा विभिन्न सडक संजालको निर्माण, रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको शिलान्यास, नर्सिङ कलेज, कृषि विश्वविद्यालय, गजेन्द्र नारायण सिंह अस्पतालमा सुधार लगायतको काम अघि बढेकाले मतदाताले फेरि पनि अवसर दिने दाबी गरेका छन्।

सत्तारुढ गठबन्धनका साझा उम्मेदवार ठाकुरले स्थानीय तह निर्वाचनमा गठबन्धन भित्रका दलहरुले प्राप्त गरेको मत तथा अहिलेसम्म जनताकै काम गर्दै आएकाले चुनाव जित्नेमा पूर्ण आशावादी रहेको बताउँछन्। 'जनताको नजिक भएको र उनीहरुको सेवा गरेको आधारमा पनि आफू बलियो स्थितिमा पुगेको बताउने गरेका उनी भन्छन्-'गठबन्धन एक ढिक्का छ, जित सुनिश्चित छ।'

उनले आफू जिते सीमावर्ती भारतको निर्मलीसम्म पुगेको रेल सेवालाई भारत सरकारसँग कुटनीतिक पहल गरी जिल्लासम्म जोड्ने महत्वकांक्षी योजनाका साथै कृषि, स्वास्थ्य, शिक्षा, सडक, खेलकुद, पत्रकारिता लगायत क्षेत्र समेतको विकासका स्थानीय मुद्दा पनि समेट्दै मतदाता सामु ३० बुँदे प्रतिबद्धता पत्र पनि सार्वजनिक गरेका छन्। उनी भन्छन्-'विगतका नेताले जितेपछि अनुहार हेराएनन्, काठमाण्डु र बिराटनगरमा बसेर आफन्त र आसेपासेलाई मात्र हेरे।' घरदैलोका क्रममा उनले आफू जिते सबैलाई समान ब्यवहार गर्ने मतदाता समक्ष प्रतिबता जनाउने गरेका छन्।

यता पहिलो पटक प्रत्यक्ष निर्वाचनमा आएका जनमत पार्टीका राष्ट्रिय अध्यक्ष डा. राउत, ठाकुर र यादव दुबै उम्मेदवारको मत काटेर चुनाव जित्ने रणनीतिमा छन्। पुरानो नेताको आश्वासनबाट दिक्क भएका जनताले नै आफूलाई उम्मेदवार बनाएको जिकिर गर्ने गरेका उनी जित्नेमा ढुक्क रहेको बताउँछन्। बुढापाखाको आशीर्वाद र युवाको जोश, जाँगर र उर्जा आफूसंग भएकाले चुनाव जित्नेमा ढुक्क छु, उनले भने। पुराना नेतालाई "डेटस्पायर" र जनताको विश्वास गुमाई सकेका नेताको संज्ञा दिने गरेका उनी भन्छन, "यस पटकको निर्वाचनले त्यस्ता नेतालाई चकित बनाउनेछन।"

किसानको समस्या, महँगी र भ्रष्टाचार नियन्त्रण तथा दीर्घकालीन विकास र रोजगारीको प्रमुख मुद्दासहित निर्वाचनमा होमिएकाले जित सहज हुने उनको भनाइ छ। अहिले सबै दलका उम्मेदवार, नेता र कार्यकर्ताको दलबल मतदाता संग भोट माग्दै गाउँ टोल पुगी रहेका छन्। सबै उम्मेदवारले विकास निर्माणलाई नै प्रमुख चुनावी मुद्दा बनाएका छन्। उनीहरुले मतदाता रिझाउन कुनै कसर बाँकी राखेका छैनन्। तर यसमा सफलता कसले हात पार्ला र कसले बाजी मार्ला भन्ने कुराको टुंगो मंसिर ४ पछि नै स्पष्ट हुनेछ।

# महोत्तरी एकमा चुनावी चहलपहल बढ्दै

**टुडे समाचारदाता**

जलेश्वर । निर्वाचन प्रचार-प्रसारका लागि सभा, सम्मेलन खुला प्रचार अभियान खुलेसँगै महोत्तरी क्षेत्र नम्वर एकमा चुनावी चहलपहल बढेको छ।

निर्वाचन आयोगले जारी गरेको आचारसंहिताअनुरुप कात्तिक १७ देखि निर्वाचनका लागि उम्मेदवार र दलले खुला प्रचार गर्न पाउने अवधि सुरु भएपछि यहाँ चुनावी चहलपहल ह्वात्तै बढेको छ। निर्वाचन क्षेत्रका बस्तीबस्तीमा दल र उम्मेदवार निर्वाचन चिह्नका प्रचार गीत र नाराका स्वर सुनिन थालेको छ। दल र उम्मेदवारले समूहमा घरदैलो र बस्तीबस्तीमा कोणसभाका कार्यक्रम अघि बढाएका छन्।

महोत्तरी-१ को भङ्गाहा-९ कञ्चनवनबाट नेकपा एमालेका केन्द्रीय सचिव रघुवीर महासेठले चुनावी प्रचार र घरदैलो कार्यक्रमको शुक्रवार बिहान शुभारम्भ गरे। त्यसैगरी पाँचदलीय सत्तागठबन्धनको वाम लोकतान्त्रिक निर्वाचन परिचालन कमिटीले कात्तिक १७ गतेदेखि मङ्सिर-१ गतेसम्मको तालिका नै बनाएर निर्वाचन प्रचार अभियान थालिएको जनाएको छ। 'हामीले निर्वाचन प्रचार अभियानलाई नयाँ चरणमा लगेका छौँ, क्षेत्रभित्रका तीन नगरपालिका पर्ने ३० वडा बस्तीमा सभा, कोणसभा, घरदैलो र अन्य प्रचार अभियान थालेका छौँ', गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका महासमिति सदस्य चिरञ्जीवी हमाल भन्छन्-'हामीले १५ दिनको खुला प्रचार अवधिलाई बढीभन्दा बढी मतदातासँग भेट्ने तालिका बनाएका छौँ।'

पाँच दलीय सत्तागठबन्धनबाट नेकपा माओवादी केन्द्रका उपमहासचिव गिरिराजमणि पोखरेल प्रतिनिधिसभाका उम्मेदवार छन्। त्यसैगरी यो क्षेत्रको प्रदेशसभा 'क' र 'ख' मा क्रमशः लोसपाका पिताम्बर महतो र माओवादी केन्द्रका भरतप्रसाद साह सत्तागठबन्धनका उम्मेदवार छन्। प्रदेशसभा 'क' मा भने सत्तागठबन्धनबाट महतो आधिकारिक उम्मेदवार घोषणा गरिए पनि एकीकृत समाजवादीका सुरेशबहादुर राउतले पनि उम्मेदवारी दिएका छन्। आफू पाँचदलीय सत्तागठबन्धनमै आबद्ध भए पनि प्रदेशसभामा भने मित्रवत् प्रतिस्पर्धा गर्ने राउतले स्पष्ट पारेका छन्।

यसैगरी एमाले/जसपा गठबन्धनले प्रतिनिधिसभा क्षेत्रका ३० वटै वडामा चुनावीसभाका कार्यक्रम तालिका बनाएको छ। 'हामीले निर्वाचन क्षेत्रभित्रका दुवै प्रदेशसभा क्षेत्रमा क्षेत्रीयसभा र प्रत्येक वडामा उम्मेदवारसहितको घरदैलो र कोणसभाका कार्यक्रम बनाएका छौँ', एमाले/जसपा निर्वाचन परिचालन कमिटी महोत्तरी-१ का संयोजक शङ्कर महतोले भने-'हामी ३० वटै वडा बस्तीमा सभा गर्दैछौँ, यसको सुरुआत भङ्गाहा-९ कञ्चनवनबाट गरिएको छ।' महोत्तरी-१ मा एमाले/जसपा गठबन्धनबाट एमालेका लक्ष्मी महतो प्रतिनिधिसभा सदस्य पदको उम्मेदवार छन्।

त्यसैगरी यो क्षेत्रको प्रदेशसभा 'क' र 'ख' मा क्रमशः एमालेका शारदा थापा र जसपाका रामश्रेष्ठ महतो उम्मेदवार छन्। महोत्तरी-१ प्रतिनिधिसभा क्षेत्रमा बर्दिबास नगरपालिकाका १४ (सबै), गौशाला नगरपालिकाका १२ (सबै) र भङ्गाहा नगरपालिकाका चार वटा वडा (वडा नम्बर ३, ४, ५ र ९) पर्छन्। यी ३० वडामा गरी सयभन्दा बढी बस्ती छन्। प्रतिनिधिसभा क्षेत्रका यी ३० वडामध्ये प्रदेशसभा 'क' क्षेत्रमा १६ र 'ख' मा १४ वडा छन्। सबै वडा बस्तीसम्म उम्मेदवारको घरदैलो पुर्‍याउन समय अपूग हुने भएपछि सभा, कोणसभाका कार्यक्रममा जोड दिइएको दलका नेता र उम्मेदवार बताएकाछन्।

गर्ने वाचा सुन्दा भङ्गाहा-३ कटैया बस्तीकी सामाजिक अभियन्ता रामराजी यादव अब भने काम नदेखेसम्म कसैलाई पत्याउने अवस्था नरहेको बताउछन्, 'जेहोस् निर्वाचन जनताका लागि दल र नेता पर्गेल्ने अवसरझैं हो', यादवले भने-'यस अभियानमा झुठो आश्वासन बाँड्दै आएका कति नाङ्गिने छन्।'

दल र उम्मेदवारको सघन आउजाउले बस्तीबस्तीमा राजनीतिक छलफल, चुनावी अड्कलबाजी र स्थानीय मुद्दाबारे बहस गरिरहेका भेटिन्छन्। प्रचारमा भोट माग्न आउने दल र उम्मेदवारसँग स्थानीय आवश्यकताबारे जानकारी गराउन ठाउँठाउँमा सर्वसाधारणले आपसी छलफल नै गर्ने गरेका पनि पाइएको छ। 'हाम्रो मुख्य समस्या सिँचाइ नपुग्नु हो, अनि बीउ, मल र खेतीपातीमा प्राविधिक सल्लाह र सुलभ ऋण हामीलाई चाहिन्छ', भङ्गाहा-४ टोकाटोलका बासिन्दाको छलफल निष्कर्ष सुनाउँदै सो बस्तीका सुरेश महतोले भने।

**महोत्तरी-१ मा प्रतिनिधिसभाका १५ उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्। जसमध्ये सातजना स्वतन्त्र छन्। त्यसैगरी यसै क्षेत्रको प्रदेशसभा क्षेत्र 'क' मा १० स्वतन्त्रसहित जम्मा १८ जना र प्रदेशसभा क्षेत्र 'ख' मा १७ स्वतन्त्रसहित २२ जना उम्मेदवार रहेको निर्वाचन अधिकृतको कार्यालय महोत्तरी-१ बर्दिबासले जनाएको छ।**

गत स्थानीय निर्वाचनमा बर्दिबास नगरपालिकामा कांग्रेसबाट विद्रोह गरेर स्वतन्त्र समूह बनेको प्रह्लाद समूहले आसन्न निर्वाचनमा प्रतिनिधिसभा र दुवै प्रदेशसभामा उम्मेदवारी दिएका छन्। यो समूहबाट प्रतिनिधिसभामा अधिकृतस्तरको सरकारी सेवाबाट राजीनामा दिएर पोषण थापा उम्मेदवार बनेका छन्।

त्यसैगरी यो समूहबाट प्रदेशसभा 'क' र 'ख' मा क्रमशः युवराज पोखरेल र विनोदकुमार महतो उम्मेदवार छन्। स्वतन्त्र भनिए पनि सङ्गठितरुपमा 'समूह' नै खडा गरेको यो समूहले १५ दिने खुला प्रचारको अवधिका लागि तालिका नै बनाएर अघि बढेको जनाएको छ। 'हाम्रा उम्मेदवार सबै वडा बस्ती पुग्ने गरी कार्यक्रम तालिका बनाएका छौँ', समूहका सञ्चार संयोजक ललनकुमार मण्डल भने-'निर्वाचन प्रचार अभियान बर्दिबासबाट प्रारम्भ गरीसकेका छौँ, दैनिक पाँच वटासम्म सभा सम्पन्न गर्ने गरी कार्यक्रम बनेको छ।'

दलका नेता र उम्मेदवार सहयोगीसहित निर्वाचन चिह्न अङ्कित झण्डासाथ बस्तीबस्ती पसेपछि माहोल निर्वाचनमय बनेको छ। मतदाताबीच दलका नेता र उम्मेदवारले

महोत्तरी-१ मा प्रतिनिधिसभाका १५ उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेका छन्। जसमध्ये सातजना स्वतन्त्र छन्। त्यसैगरी यसै क्षेत्रको प्रदेशसभा क्षेत्र 'क' मा १० स्वतन्त्रसहित जम्मा १८ जना र प्रदेशसभा क्षेत्र 'ख' मा १७ स्वतन्त्रसहित २२ जना उम्मेदवार रहेको निर्वाचन अधिकृतको कार्यालय महोत्तरी-१ बर्दिबासले जनाएको छ। निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी र जनमत पार्टीसहितका दलीय उम्मेदवार छन्। यद्यपि निर्वाचनमा पाँचदलीय सत्तागठबन्धन, एमाले/जसपा गठबन्धन र प्रह्लाद स्वतन्त्र समूहबीच मुख्य प्रतिस्पर्धा हुने गौशाला-४ रजखोरका ६५ वर्षीय चन्देश्वर साहको अड्कल छ।

निर्वाचनमा दलबाहेकका स्वतन्त्र उम्मेदवार निर्वाचन परिणाम आफ्नो पक्षमा हुने बताउन भने चुक्दैनन्। यसपालि महोत्तरी-१ प्रतिनिधिसभा क्षेत्रमा ९८ हजार चार सय ९७ मतदाता कायम छन्। महोत्तरी-१ प्रतिनिधिसभा क्षेत्रभित्र ५९ मतदानस्थल र एक सय २३ मतदान केन्द्र रहेका सहायक निर्वाचन अधिकृत सन्देश अधिकारीले जानकारी दिए।

# आचारसंहिता कार्यान्वयनमा कडाइ

**टुडे समाचारदाता**

जनकपुरधाम । निर्वाचन आयोगका आयुक्त सगुन शमशेर जबराले मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनलाई स्वच्छ र निष्पक्षरूपमा सम्पन्न गर्न निर्वाचन आचारसंहिता कार्यान्वयनमा कडाइ गरिएको बताएका छन्।

निर्वाचन आयोगद्वारा शुक्रबार जनकपुरधाममा आयोजित प्रदेशस्तरीयमिडियाअभिमुखीकरण कार्यक्रममा उनले निर्वाचनलाई स्वच्छ, निष्पक्ष र मर्यादित बनाउन आचारसंहिता कार्यान्वयनमा विगतको भन्दा थप कडाइ गरिएको जानकारी दिए।

स्वच्छ, निष्पक्ष र भयरहित वातारणमा निर्वाचन सम्पन्न गर्न आयोग दृढतापूर्वक अघि बढेको छ, आयुक्त जबराले भने-'यसका लागि सबै पक्षले इमान्दारीपूर्वक निर्वाचन आचारसंहिताको परिपालना गर्नु जरुरी छ।'

निर्वाचन आचारसंहिता परिपालना गराउन केन्द्रदेखि जिल्ला तहसम्म बनेका निर्वाचन आचारसंहिता अनुगमन समितिले काम गरिरहेको उनले जानकारी दिए।

निर्वाचन आचारसंहिता उल्लंघन गर्नेलाई स्पष्टीकरण मात्र होइन, अब आयोग कारबाही गर्न थालेको छ,आयुक्त जबराले भने-'आचारसंहिता उल्लंघन गर्नेलाई स्पष्टीकरण मात्र होइन, तत्काल अनुसन्धान गरेर कानूनी दायरामा समेत ल्याउने काम सुरु भइसकेको छ।'



आचारसंहिता उल्लंघन भएको उजुरी आए तत्काल आयोग आवश्यक कारकाही अघि बढाउन तयार रहेको उनले बताए।

निर्वाचनप्रति जनताको उत्साह बढाउन, मतदातालाई सचेत बनाउने कार्यमा सञ्चारकर्मी र सञ्चारमाध्यमले भूमिका खेल्नुपर्ने उल्लेख गर्दै उनले बाहिरी हल्लाको भरमा सूचना प्रवाह गर्दा ठूलो क्षति हुन सक्ने कुरालाई ख्याल गरी सूचना पुष्टि गरेर मात्र सम्प्रेषण गर्न आग्रह गरे।

कार्यक्रममा धनुषाका मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने वातारण बनाउन मिडियाको महत्वपूर्ण भूमिका रहेको उल्लेख गरे।

हतार हतारमा समाचार प्रसारण हुँदा कतिपय गलत सूचना पनि प्रसारण भइरहेको उल्लेख गर्दै उनले त्यस्ता सूचनाले निर्वाचनमा असहजता उत्पन्न हुन सक्ने भएकाले सचेत हुन आग्रह गरे। उनले विदेशी नम्बर प्लेटको सवारी साधनमा प्रचार सामग्री हालेर उम्मेदवारले प्रचारप्रसार गरिरहेको सूचना आएकाले त्यसलाई कडाइका साथ नियन्त्रण गर्ने निर्णय भएको जानकारी दिए।

निर्वाचनमा मिडिया र पत्रकारको भूमिकामा सहजीकरण गर्दै उनले मंसिर ४ गतेको निर्वाचनलाई केन्द्रविन्दुमा राखेर निष्पक्ष निर्वाचनको वातावरण बनाउने गरी कलम चलाउनुपर्ने उल्लेख गरे।

सो अवसरमा निर्वाचन र सञ्चारमाध्यम विषयमा सहजीकरण गर्दै निर्वाचन आयोगका सहसचिव यज्ञप्रसाद भट्टराईले आयोगमा निर्वाचन आचारसंहिता उल्लंघन सम्बन्धी ७१ वटा उजुरी परेको र त्यसमध्ये ४० जनासँग स्पष्टीकरणसमेत सोधिएको जानकारी दिए।

उनले एक जना वडाध्यक्षलाई निर्वाचन आचारसंहिता उल्लंघन कसुरमा पाँच हजार जरिवानासमेत आयोगले गरेको जानकारी दिए।

# हरिबोधिनी एकादशी मनाइयो जानकी मन्दिरमा भक्तजनको घुइँचो

**टुडे समाचारदाता**

जनकपुरधाम । कार्तिक शुक्ल एकादशी अर्थात् हरिबोधिनी एकादशी शुक्रवार जनकपुरधाम सहित नेपाल भारतमा श्रद्धापूर्वक मनाइएको छ। शुक्रबार जनकपुरधामको जानकी मन्दिरमा भक्तजनको घुइँचो थियो।

आषाढ शुक्ल एकादशी अर्थात् हरिशयनी एकादशीका दिन क्षीरसागरमा सुतेका भगवान्



विष्णु यस दिन जागा हुने धार्मिक विश्वास छ। जागा हुने भगवान् विष्णुलाई पूजाआजासहित आराधना गर्न बिहानैदेखि जानकी मन्दिर सहित भगवान विष्णु मन्दिरमा भक्तजनहरुको घुइँचो थियो।

जनकपुरधाम सहित मिथिला क्षेत्रमा रहेका भगवान रामको मन्दिरमा समेत भक्तजनहरुले हरिबोधिनी एकादशी मनाएका छन्। भगवान विष्णुकै अवतार राम रहेको मान्यता अनुसार राम मन्दिरहरुमा भक्तजनहरुलेपूजाआजा एवं दर्शन गरेमा मनोकाङ्क्षा पूरा हुने जनविश्वास छ। यसैले टाढा-टाढाबाट पनि भक्तजन सवारीसाधन रिजर्भ गरेर जानकी मन्दिर आएका थिए।

नारायणको दर्शन गर्न नसक्नेले स्थानीय राम मन्दिरहरुमा पूजाआजा एवं दर्शन गरेमा मनकामना पूरा हुने विश्वास छ।

**तुलसीको विशेष पूजासहित विवाह**

आषाढ शुक्ल एकादशीका दिन घरको मोठमा रोपी पूजा सुरु गरिएको तुलसीको विवाह दामोदरसँग गरिदिने प्रचलन छ। शुक्रवार बिहानै वैदिक सनातन धर्मावलम्बीले स्नान गरी व्रत बसेका थिए। यस दिन चामलबाट बनेका परिकार नखाई फलाहार मात्र गर्ने गरिन्छ।

आषाढ शुक्ल एकादशीदेखि पूजाआजा सुरु गरिएको तुलसीको मठमा विधिपूर्वक पूजासहित हवन गरेपछि चतुर्मास व्रत समाप्त हुने शास्त्रीय वचन रहेको धर्मशास्त्रविद् पंडित रामाकान्त झा बताउँछन्।

# पूर्व मन्त्रीका श्रीमती लगायत कर्मचारीद्वारा आचार संहिता उल्लंघन



**टुडे समाचारदाता**

वीरगञ्ज । निर्वाचन आयोगले जारी गरेको आचारसंहिता उल्लंघन गर्दै पर्सामा दर्जनौ कर्मचारीहरु चुनावी प्रचार प्रसारमा लागेका छन्। प्रचार प्रसार उत्कर्षमा रहेका बेला सम्बन्धित दलका नेता कार्यकर्ता लगायत उम्मेदवारका आफन्तहरु समेत घरदैलो लगायत विभिन्न कार्यक्रमलाई तीव्र बनाएका छन्।

निर्वाचन आयोगले सरकारी तलब भत्ता खाने सम्पूर्ण कर्मचारी तथा जनप्रनिधि समेतलाई प्रचार प्रसारमा लाग्नबाट प्रतिवन्ध लगाए पनि केही जनप्रतिनिधि तथा सरकारी कर्मचारीहरुबाट आचार संहिताको उल्लंघन गर्ने कार्य व्यापक रुपमा भइरहेको छ।

निर्वाचन आयोगले आचारसंहिता उल्लंघन गर्नेमाथि निगरानी बढाइएको दावी गरिएको बेला पर्सामा दर्जनौ कर्मचारी तथा जनप्रतिनिधिहरु उम्मेदवारहरुको पक्षमा भोट माग्दै हिडेको पाइएको छ। यसका साथै केही कर्मचारीहरुले टोलीनै बनाएर उम्मेदवारहरुको पक्षमा भोट मागी रहेको समाचारहरु समेत विभिन्न संचार माध्यमहरुमा प्रकाशित भए पनि उक्त आचारसंहिता उल्लंघन बारे निर्वाचान कार्यालय पर्सालाई जानकारी नभएको जनाइएको छ।

पूर्व मन्त्री एवम् पर्सा क्षेत्र नम्बर १का जनता समाजावादी पार्टीका उम्मेदवार प्रदीप यादवकी जेठी श्रीमती पिन्कि यादवले समेत आचारसंहिता उल्लंघन गरेको पाइएको छ। उनी वीरगञ्ज महानगरपालिका अन्तर्गत श्रीनेरा प्राथमिक विद्यायलमा शिक्षिका छिन्। उनले आफ्ना श्रीमानका लागि केही शिक्षिकाहरुको टोलीसहित मत मागी रहेको देखिएको छ। पिन्कि यादव प्रदीप यादवको चुनावी प्रचार प्रसारमा लागेको थाहा भए पनि वहा शिक्षिका हो भने आफूहरुलाई थाहा नभएको निर्वाचन कार्यालय पर्साकी प्रमुख रंजिता झाले बताइन्।

प्रमाण सहित उजुरी वा कुनै प्रमाणित जानकारी आए प्रचार प्रसारमा लाग्ने कर्मचारी र उम्मेदवार दुबैलाई सुरुमा एक हप्ते स्पष्टीकरण सोध्ने र उचित जवाफ नआए कारबाही अगाडि बढाउने कार्यालय प्रमुख झाको भनाइ थियो। पिन्कि यादव लगायत अरु शिक्षिकाहरुले समेत चुनाव प्रचार प्रसारमा लागेको बारे वीरगञ्ज महानगरपालिकाका शिक्षा महाशाखाका एक अधिकृतसंग सोध्दा केही शिक्षकहरु प्रचार प्रसारमा लागेर गल्ती गरिरहेको गुनासो आएको र छानबिन भइरहेको बताए।

श्रीनेरा प्राथमिक विद्यालय मनियारीका प्रधानाध्यापक गम्भीरा यादवले उक्त विद्यालयमा पिन्कि यादव राहत दरबन्दी तर्फको शिक्षिका रहेको जानकारी दिए। उनी विदा लिएर वा विना विदा विद्यालयको अध्यन अध्यापन छाडेर आफ्नो श्रीमान्को प्रचार प्रसारमा लागेको बारे सोध्दा आफू केही दिन देखि विद्यालय नगएकोले जानकारी नभएको बताए।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८